दर्ता नं. २०६४-०६६/०६७

पान नं. ३०४२१९६३४

१७ औं

वार्षिक प्रतिवेदन

# 17th Annual Report

FY 2082/83

Trade SAVING

AND CREDIT CO-OPERATIVE LIMITED

www.tradesaving.com.np

# सञ्चालक समिति



**श्री अमुल श्रेष्ठ**
अध्यक्ष



**श्री सनोज कुमार श्रेष्ठ**
उपाध्यक्ष



**श्री अरुण डंगोल**
सचिव



**श्री भरत अर्याल**
कोषाध्यक्ष



**श्री सन्देश घिमिरे**
सदस्य



**श्री बिनोद प्रसाद खतिवडा**
सदस्य



**श्री किशोर रिजाल**
सदस्य

# लेखा सुपरिवेक्षण समिति



**श्री सिता भट्टराई**
संयोजक



**श्री दिपेन्द्र रेग्मी**
सदस्य



**श्री लाल प्रसाद खनाल**
सदस्य

# सल्लाहकार



**श्री गणेश गिरी**
सल्लाहकार



**श्री प्रशिद्ध श्रेष्ठ**
सल्लाहकार

# ऋण उप-समिति



**श्री बिनोद प्रसाद खतिवडा**
संयोजक



**श्री भरत अर्याल**
सदस्य



**श्री चन्द्र प्रसाद निरौला**
सदस्य



**श्री निजानन्द प्याकुरेल**
सदस्य

# विषय सूची


| | |
|---|---|
| संस्थाको संक्षिप्त परिचय | २ |
| सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत बार्षिक प्रतिबेदन | ३ |
| सञ्चालक समिति सचिवको प्रतिवेदन | ५ |
| संस्थाको तर्फबाट प्रमुख कार्यकारी अधिकृतद्वारा प्रस्तुत | ७ |
| आ. ब. २०८३/०८४ को कार्यक्रम तथा बजेट | १० |
| लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | १४ |
| १७ औं वार्षिक साधारण सभा | १४ |
| कोषाध्यक्षको आर्थिक प्रतिवेदन | १६ |
| ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. को सम्पन्न गरेका साधारण सभा | ५७ |

श्री शेयर सदस्य ज्यू
..........................

मिति : २०८३/०४/१४

विषय :- संस्थाको सत्रौं वार्षिक साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिएको बारे ।

महोदय,

यस ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८३/०४/१४ मा बसेको संचालक समितिको बैठकले निर्णय गरे अनुसार यस संस्थाको सत्रौं वार्षिक साधारण सभा निम्न स्थान मिति र समयमा हुने भएको हुँदा उक्त मितिमा हुने सत्रौ बार्षिक साधारण सभामा उपस्थित भई संस्थाको साधारणसभाको दर्ता किताबमा आफ्नो नाम दर्ता गरि बार्षिक प्रतिबेदन लिने र आफ्नो केहि सुझाब एबम् जिज्ञासा भए लिखित रुपमा दिनुहुन समेत हार्दिक अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा सम्बन्धि कार्यक्रमः**

स्थान : कुण्डलिनी दरबार ब्यानक्वेट, धुम्बाराही काठमाडौं ।
मिति : २०८३/०६/०९ गते शुक्रबार ।
समय : विहान ९:०० बजे ।

## साधारण सभाका विषयहरुः

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूको आ.ब.२०८२/०८३ को बार्षिक प्रतिवेदन छलफल गर्ने सम्बन्धमा ।

२) कोषाध्यक्षको तर्फबाट आ.ब.२०८२/०८३ लेखापरिक्षण प्रतिवेदन प्रस्तुत र छलफल गर्ने सम्बन्धमा ।

३) प्रबन्धक ज्यूबाट आ.ब. २०८३/०८४ को प्रस्ताबित निति तथा कार्यक्रम सहित बजेट प्रस्तुत र छलफल सहित अनुमोदन गर्ने सम्बन्धमा ।

४) लेखा सुपरिबेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।

५) आ.ब. २०८३/०८४ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तय गर्ने ।

६) संञ्चालक समितिका निर्णयहरु अनुमोदन गर्ने ।

७) संस्थाद्वारा आ.ब. २०८२/०८३ को कोष बितरण तथा संचालक समितिको निर्णय बमोजिम (प्रस्ताबित) लाभांश पारित गर्ने सम्बन्धमा ।

८) मौजुदा बिनियम संशोधन गर्ने ।

९) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न साधारण सभाबाट प्रतिनिधि चयन गर्ने ।

१०) बिभिन्न निति तथा कार्यबिधिहरु संसोधन गरि पारित गर्ने ।

११) बिविध ।

अरुण डंगोल
(सचिब)

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.

## का.म.न.पा. -०२, लाजिम्पाट, काठमाडौं

## संस्थाको संक्षिप्त परिचय

ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. २०६६/११/२५ गते डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता नं. २९४४/०६६/०६७ अन्तर्गत स्थापना भएको बचत तथा ऋण सहकारी संस्था हो। संस्था स्थापनाकालमा २५ जना सदस्य तथा रु. ६,२५,००० शेयर पूँजीबाट प्रारम्भ भएको हो।

मुख्यतः सदस्यहरूको बचत सुरक्षित रूपमा परिचालन तथा सदस्यको आवश्यकता अनुरूप कर्जा प्रवाह गर्ने उद्देश्यले स्थापित संस्थाले समयक्रमसँगै आफ्नो सदस्य संख्या, सेवा तथा कार्यक्षेत्र विस्तार गर्दै आएको छ। हाल संस्थाको कार्यक्षेत्र काठमाडौं महानगरपालिका तथा टोखा नगरपालिका रहेको छ। संस्थाले सदस्यहरूमा नियमित बचत गर्ने बानीको विकास गराउँदै विभिन्न प्रकारका बचत योजना सञ्चालन गर्नुका साथै आवश्यकता र माग अनुसार कर्जा सेवा उपलब्ध गराउँदै आएको छ। सदस्यहरूको बचतलाई सुरक्षित तथा उत्पादनशील क्षेत्रमा परिचालन गर्दै सदस्यको आर्थिक क्षमता अभिवृद्धि र संस्थाको वित्तीय स्थायित्वमा विशेष जोड दिइएको छ।

सदस्य सेवा, पारदर्शिता, वित्तीय अनुशासन र सुरक्षित लगानीलाई प्राथमिकता दिँदै संस्थाले कर्मचारी तथा सदस्यहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठी तथा वित्तीय सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सदस्यहरूको विश्वास र सहभागितालाई संस्थाको प्रमुख आधारका रूपमा लिँदै संस्था निरन्तर सदस्यकेन्द्रित सेवामा प्रतिबद्ध रहेको छ।

### संस्थाका प्रमुख विवरण

| | |
|---|---|
| संस्थाको नाम | : ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. |
| कार्यालय | : का.म.न.पा.-०२, लाजिम्पाट, काठमाडौं |
| स्थापना मिति | : २०६६/११/२५ |
| दर्ता नं. | : २९४४/०६६/०६७ |
| स्थापनाकालीन शेयर पूँजी | : रु. ६,२५,००० |
| स्थापनाकालीन सदस्य | : २५ जना |
| कार्य क्षेत्र | : काठमाडौं महानगरपालिका तथा टोखा नगरपालिका |
| मुख्य कारोबार | : बचत तथा ऋण |
| टेलिफोन | : ०१-४५७१६/४५४१९३२ |
| इमेल | : tradesaving066@gmail.com/info@tradesaving.com.np |
| वेबसाइट | : tradesaving.com.np |

### आवद्धता

- राष्ट्रिय सहकारी बैंक
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)

### हाम्रो प्रतिबद्धता

- सुरक्षित बचत।
- सहज कर्जा।
- सदस्यकेन्द्रित सेवा।
- पारदर्शी व्यवस्थापन।
- दिगो वित्तीय विकास।

"सदस्यको विश्वास, सुरक्षित बचत र समृद्ध भविष्य हाम्रो प्राथमिकता।"

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. को
## सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत बार्षिक प्रतिबेदन

### आ.व. २०८२/८३



**अमुल श्रेष्ठ**
अध्यक्ष

आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, प्रशिक्षकज्युहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमिति, सल्लाहकार, कर्मचारी तथा सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दै ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. को १७ औं वार्षिक साधारण सभासमक्ष आ.व. २०८२/८३ को प्रतिवेदन प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

आदरणीय शेयर सदस्य महानुभावहरु,

सदस्यहरूको आर्थिक तथा सामाजिक समृद्धि, सुरक्षित बचत, गुणस्तरीय वित्तीय सेवा तथा सदस्य केन्द्रित सहकारी अभ्यासलाई मूल आधार बनाउँदै संस्था निरन्तर अगाडी बढिरहेको छ। यस वर्ष संस्थाले आफ्नो वित्तीय आधारलाई थप मजबुत बनाउन सफल भएको छ। आ.व. २०८२/८३ को अन्त्यसम्म संस्थाको कुल सम्पत्ति रु.७१ करोड ६९ लाख २२ हजार ७ सय २९ पुगेको छ। कुल बचत तथा निक्षेप रु. ५७ करोड १२ लाख ३१ हजार १ सय ६२ कायम भएको छ भने सदस्यहरूमा कुल ऋण लगानी रु. ५६ करोड ४४ लाख ३३ हजार ९ सय ३७ रहेको छ। त्यसैगरी, संस्थाको शेयर पूँजी रु. ५ करोड १० लाख ७७ हजार ९०० पुगेको छ। संस्थाको वित्तीय स्थायित्वलाई थप मजबुत बनाउन जगेडा कोष तथा अन्य कोषहरूमा समेत वृद्धि भएको छ। यस वर्षको अन्त्यसम्म जगेडा कोषलगायत विभिन्न कोषमा करिब रु. ३ करोड ३१ लाख ३० हजार ४ सय ८९ सञ्चित रहेको छ। जोखिमयुक्त ऋणको व्यवस्थापन तथा आवश्यक जोखिम कोषको व्यवस्था गर्दै वित्तीय जोखिम न्यूनीकरणलाई प्राथमिकता दिइएको छ।

सदस्यको विश्वास, सुरक्षित बचत र समृद्ध भविष्य संस्थागत सुशासन, पारदर्शिता, वित्तीय अनुशासन र जवाफदेहितालाई उच्च प्राथमिकता दिँदै नीति तथा कार्यविधिहरूलाई समयानुकूल परिमार्जन गरिएको छ। सदस्यहरूको बचत सुरक्षा, सुरक्षित ऋण लगानी तथा प्रभावकारी ऋण असुलीमा विशेष ध्यान दिइएको छ। सदस्यहरूलाई छिटो, सरल र गुणस्तरीय सेवा प्रदान गर्न प्रविधिमैत्री सेवा तथा मोबाइल बैंकिङलाई थप प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिइएको छ। नियमित बचतकर्ता तथा उत्कृष्ट ऋणी सदस्यलाई सम्मान गर्ने कार्यक्रम मार्फत सदस्यको सक्रिय सहभागिता र संस्था प्रतिको अपनत्व बढाउने प्रयास गरिएको छ।

समग्र अर्थतन्त्रमा देखिएको शिथिलता, ऋण असुलीमा देखिएका चुनौती तथा सहकारी क्षेत्र प्रतिको घट्दो विश्वास वर्तमान समयका प्रमुख चुनौती हुन्। तर, हामी इमान्दारिता, पारदर्शिता, अनुशासन र सहकारीका मूल्य-मान्यतामा आधारित रहेर यी चुनौतीलाई अवसरमा रूपान्तरण गर्ने दृढ विश्वास राख्दछौं। आगामी वर्ष संस्थाको वित्तीय अवस्था अझ सुदृढ बनाउने, सदस्यहरूको बचत पूर्ण सुरक्षित राख्ने, सुरक्षित तथा उत्पादनशील क्षेत्रमा ऋण लगानी गर्ने, जोखिम कोष तथा जगेडा कोषलाई थप मजबुत बनाउने, डिजिटल सेवा विस्तार गर्ने तथा सदस्य सहभागिता बढाउने कार्यलाई प्राथमिकता दिइनेछ।

आदरणीय शेयर सदस्य महानुभावहरु,

संस्थाको दिगो विकास, संस्थागत सुशासन, व्यावसायिक दक्षता तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्न कर्मचारी तथा सञ्चालकहरूको ज्ञान, सीप र क्षमता विकासलाई संस्थाले उच्च प्राथमिकतामा राख्दै आएको छ। यसै क्रममा आर्थिक वर्ष २०८२/८३ मा संस्थाका कर्मचारी तथा पदाधिकारीहरूलाई विभिन्न तालिम, प्रशिक्षण तथा अध्ययन-अवलोकन कार्यक्रममा तपसिल बमोजिम सहभागी गराइएको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु।

क) संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री चन्द्रप्रसाद निरौलाले सहकारी क्षेत्रको अन्तर्राष्ट्रिय अभ्यास, नवीनतम अवधारणा तथा अनुभव आदान-प्रदान गर्ने उद्देश्यले **(CCULB) Bangladesh** को आयोजनामा तथा **NEFSCUN** को समन्वयमा आयोजित ८ दिने अन्तर्राष्ट्रिय गोष्ठीमा संस्थाको सहभागिता रहेको थियो। उक्त गोष्ठीमार्फत बंगलादेश लगायत अन्य देशमा अवलम्बन गरिएका सहकारी अभ्यास, संस्थागत व्यवस्थापन, सदस्य-केन्द्रित सेवा तथा सहकारी क्षेत्रका समसामयिक विषयहरूबारे जानकारी तथा अनुभव आदान-प्रदान गर्ने अवसर प्राप्त भएको थियो।

ख) संस्थाका कर्जा प्रमुखले Standard Chartered Bank द्वारा आयोजित तथा सहकारी विभागको सिफारिसमा सञ्चालन गरिएको सम्पत्ति शुद्धीकरण सम्बन्धी तालिम कार्यक्रम **Hotel Soaltee, Kathmandu** मा सहभागिता जनाउनुभएको छ । यस बाट सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम पहिचान, नियन्त्रण तथा संस्थागत अनुपालनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

ग) प्रशिक्षक तथा सहकारी विज्ञ श्री कुबेर निरौलाबाट **"सहकारी क्षेत्रका वर्तमान चुनौती तथा समसामयिक कार्ययोजना"** विषयक प्रशिक्षण कार्यक्रम रोयल दरबार रेष्ट्रो, महाराजगञ्जमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममार्फत सहकारी क्षेत्रमा देखिएका वर्तमान चुनौतीहरू, संस्थागत सुधारका सम्भावित उपायहरू तथा आगामी दिनमा अवलम्बन गर्नुपर्ने कार्ययोजनाका विषयमा महत्वपूर्ण ज्ञान तथा मार्गदर्शन प्राप्त भएको छ ।

घ) सहकारी बैंक द्वारा प्रत्येक शुक्रबार आयोजना गरिने Online Training कार्यक्रमहरूमा संस्थाका कर्मचारी तथा सम्बन्धित पदाधिकारीहरूको सहभागिता गराउँदै आएको छ । प्रविधिको प्रयोगमार्फत नियमित रूपमा ज्ञान तथा सीप अभिवृद्धि गर्ने अवसर प्राप्त भएको छ ।

ङ) संस्थाको वित्तीय अनुशासन, लेखा प्रणाली, आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासनलाई थप प्रभावकारी बनाउन Chartered Accountant (CA) मार्फत प्राप्त सुझाव तथा निर्देशनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु । संस्थाको वित्तीय कारोबार, लेखा व्यवस्थापन तथा आवश्यक सुधारका विषयमा CA बाट प्राप्त सुझाव तथा निर्देशनअनुसार आवश्यक प्रक्रिया अवलम्बन गर्दै संस्थाको कार्यप्रणालीलाई थप व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउने कार्य भइरहेको छ ।

बदलिँदो सहकारी क्षेत्र, वित्तीय अनुशासन, प्रविधिको तीव्र विकास तथा संस्थागत सुशासनका नयाँ चुनौतीहरूलाई सम्बोधन गर्न दक्ष, सक्षम र जिम्मेवार जनशक्ति नै संस्थाको महत्वपूर्ण आधार हो भन्ने हाम्रो विश्वास रहेको छ । त्यसैले आगामी दिनमा पनि कर्मचारी तथा सञ्चालकहरूको आवश्यकता, जिम्मेवारी र कार्यक्षेत्रअनुसार विभिन्न तालिम, प्रशिक्षण, अध्ययन-अवलोकन तथा क्षमता अभिवृद्धिका कार्यक्रममा सहभागी गराउँदै संस्थाको कार्यसम्पादन क्षमता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्दछु ।

आदरणीय शेयर सदस्य महानुभावहरु,

आर्थिक वर्ष २०८२/०८३ मा संस्थाले सदस्यहरूको संस्थाप्रतिको निरन्तर विश्वास, सक्रिय सहभागिता तथा कारोबारलाई उच्च सम्मान गर्दै **सदस्य सम्मान कार्यक्रम** आयोजना गरेको छ । संस्था सँग उत्कृष्ट तथा उल्लेखनीय कारोबार गर्ने सदस्यहरूलाई सम्मान गरी सदस्यहरूको सहभागिता र संस्था प्रतिको अपनत्वलाई थप अभिवृद्धि गर्ने प्रयास गरिएको छ । यसैगरी, संस्थाको प्रगति, सेवा प्रवाह तथा सदस्यप्रतिको समर्पणमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहन तथा उत्प्रेरणा प्रदान गर्ने उद्देश्यले **उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम** पनि आयोजना गरिएको छ । उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मानपत्र तथा कदरका साथ सम्मान गरिएको जानकारी गराउन चाहन्छु । संस्थाले आगामी दिनहरूमा पनि सदस्य तथा कर्मचारीको योगदानको उच्च मूल्याङ्कन गर्दै यस्ता सम्मान तथा प्रोत्साहनमूलक कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछु । आर्थिक वर्ष २०८२/०८३ मा संस्थाले सदस्य हित सँगै सामाजिक उत्तरदायित्वलाई पनि उच्च प्राथमिकतामा राख्दै विभिन्न मानवीय तथा राहतमुखी कार्यक्रमहरू सञ्चालन गरेको छ । यसै आर्थिक वर्षमा रसुवा, नुवाकोट र धादिङ जिल्लामा आएको बाढी तथा पहिरोबाट प्रभावित नागरिकहरूको राहत तथा उद्धार कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले संस्थाको तर्फबाटं सामाजिक उत्तरदायित्व अन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु.१,००,०००/- (अक्षरूपी एक लाख रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गरिएको जानकारी गराउन चाहन्छु ।

अन्त्यमा,

संस्थाको विकास, स्थायित्व र सफलताका लागि निरन्तर साथ, सहयोग, सुझाव तथा विश्वास प्रदान गर्नुहुने सम्पूर्ण शेयर सदस्य, सञ्चालक, कर्मचारी, सल्लाहकार तथा शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । **"सदस्यको विश्वास, संस्थाको आधार; सुशासन, सुरक्षा र समृद्धि हाम्रो अभियान"** भन्ने मूल भावनाका साथ ट्रेड साकोसलाई अझ सबल, सुरक्षित, विश्वसनीय र उत्कृष्ट सहकारी संस्थाका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । साथै आउँदै गरेका बडा दशैं, शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्व को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी मित्रहरू तथा उहाँहरूका सम्पूर्ण परिवारजनमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

जय सहकारी ।

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.को

## सञ्चालक समिति सचिवको प्रतिवेदन

### आर्थिक वर्ष २०८२/०८३



**अरुण डंगोल**
सचिव

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, संचालक समिति, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, संस्थाका सम्मानित शेयर सदस्य महानुभावहरू, कर्मचारी साथीहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक नमस्कार ।

सञ्चालक समितिको सचिवको हैसियतले ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति तथा गतिविधिसम्बन्धी प्रतिवेदन यस गरिमामय वार्षिक साधारण सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

## १. संस्थाको परिचय

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड सदस्यहरूको आर्थिक उन्नति, बचतको संरक्षण तथा सहुलियत पूर्ण ऋण सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना भएको सदस्य-केन्द्रित वित्तीय संस्था हो । स्थापना काल देखि नै संस्थाले पारदर्शिता, सुशासन, वित्तीय अनुशासन र सदस्य सेवालाई केन्द्रमा राखी आफ्नो कार्य सञ्चालन गर्दै आएको छ ।

## २. आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालक समितिका प्रमुख गतिविधिहरू

आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालक समितिले संस्थाको उद्देश्य र वार्षिक योजनाअनुसार विभिन्न महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ ।

- सञ्चालक समितिका नियमित बैठकहरू सञ्चालन गरी आवश्यक निर्णयहरू गरिएको छ ।
- सदस्यहरूको बचत तथा ऋण सेवामा सहज पहुँच सुनिश्चित गरिएको छ ।
- सहकारी ऐन, नियमावली तथा संस्थाको विनियमबमोजिम संस्थाको सञ्चालनमा जोड दिइएको छ ।
- सदस्यहरूको हितलाई केन्द्रमा राखी नीति, योजना तथा बजेट निर्माण गरी कार्यान्वयन गरिएको छ ।
- लेखा सुपरीवेक्षण समितिसँग समन्वय गरी वित्तीय अनुशासन कायम राखिएको छ ।
- कर्मचारी तथा सदस्यहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

## ३. सदस्य सेवा तथा संस्थागत उपलब्धिहरू

यस आर्थिक वर्षमा संस्थाले सदस्यहरूको विश्वासलाई अझ मजबुत बनाउँदै निम्न उपलब्धिहरू हासिल गरेको छ ।

- सदस्यहरूको बचत सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ ।
- विभिन्न शीर्षकमा बचत योजनाहरू सञ्चालन गरी बचत संकलन वृद्धि गरिएको छ ।
- उत्पादनशील तथा आवश्यकतामा आधारित ऋण लगानी विस्तार गरिएको छ ।
- सदस्यलाई वित्तीय परामर्श तथा वित्तीय साक्षरतासम्बन्धी जानकारी उपलब्ध गराइएको छ ।
- संस्थाको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन व्यवस्थापन पक्षलाई सुदृढ बनाइएको छ ।

## ४. आर्थिक अवस्थाको संक्षिप्त विवरण

संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वित्तीय अवस्थाको आधारमा आर्थिक अवस्थाको संक्षिप्त विवरण निम्न अनुसार रहेकाको छ।

- आर्थिक वर्ष २०८२/०८३ मा संस्थाको आर्थिक कारोबार नियमित, पारदर्शी र मितव्ययी रूपमा सञ्चालन गरिएको।
- सदस्यहरूको बचत संकलनमा सन्तोषजनक वृद्धि भएको।
- सदस्यहरूलाई आवश्यकताअनुसार ऋण लगानी प्रभावकारी रूपमा गरिएको।
- ऋणको ब्याज, सेवा शुल्क तथा अन्य स्रोतबाट संस्थाको आम्दानी प्राप्त भएको।
- प्रशासनिक, कार्यालय सञ्चालन तथा संस्थागत कार्यक्रमका आवश्यक खर्च मितव्ययी रूपमा गरिएको।
- आम्दानी र खर्चको सन्तुलित व्यवस्थापनका कारण संस्थाले सकारात्मक वित्तीय परिणाम हासिल गरेको।
- संस्थाको नगद तथा बैंक मौज्दात सुरक्षित र सन्तोषजनक अवस्थामा रहेको।
- संस्थाको तरलता (Liquidity) र वित्तीय अनुशासन सुदृढ रहेको।
- जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको।

## ५. सुशासन र पारदर्शिताप्रति प्रतिबद्धता

- सञ्चालक समिति संस्थामा सुशासन कायम राख्न निरन्तर प्रतिबद्ध रहेको छ।
- नियमित बैठक तथा निर्णय अभिलेखीकरण गरिएको छ।
- वित्तीय कारोबारलाई पारदर्शी बनाइएको छ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइएको छ।
- लेखापरीक्षण तथा अनुगमन प्रक्रियालाई नियमित रूपमा सञ्चालन गरिएको छ।

## ६. आगामी आर्थिक वर्ष २०८३/०८४ का प्राथमिकता

आगामी वर्षका लागि सञ्चालक समितिले निम्न प्राथमिकता तय गरेको छ।

- सदस्यता विस्तार तथा सदस्य सहभागिता वृद्धि।
- बचत तथा ऋण कारोबारमा गुणात्मक वृद्धि।
- प्रविधिमैत्री सेवा विस्तार।
- वित्तीय साक्षरता तथा सदस्य क्षमता विकास।
- जोखिम व्यवस्थापन र वित्तीय अनुशासन सुदृढीकरण।
- संस्थागत सुशासन र पारदर्शितालाई थप मजबुत बनाउने।

यस आर्थिक वर्षमा संस्थाको प्रगति र सफलतामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउनु हुने सम्पूर्ण शेयर सदस्य महानुभावहरू, अध्यक्षज्यू, सञ्चालक समितिका सदस्यहरू, लेखा सुपरीवेक्षण समिति, कर्मचारी साथीहरू तथा शुभेच्छुक सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी दिनहरूमा पनि यहाँहरूको विश्वास, सुझाव, सहयोग र सक्रिय सहभागिताबाट हाम्रो सहकारीलाई अझ सक्षम, विश्वसनीय र सदस्य-मैत्री संस्थाका रूपमा विकास गर्न सकिने विश्वास व्यक्त गर्दछु। नजिकै आईरहेको विजया दशमी, दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्व को शुभ अवसरमा सम्पूर्ण सदस्य तथा शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मेरो आर्थिक प्रतिवेदन यहीँ समाप्त गर्दछु।

धन्यवाद।

जय सहकारी।

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. को
## संस्थाको तर्फबाट प्रमुख कार्यकारी अधिकृतद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम



**चन्द्र प्रसाद निरौला**
प्रमुख कार्यकारी अधिकृत

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीज्यूहरू, विभिन्न उपसमितिका पदाधिकारीज्यूहरू, सल्लाहकारज्यूहरू, सम्पूर्ण कर्मचारी साथीहरू, शुभचिन्तकहरू तथा यस संस्थामा आबद्ध सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

यस ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.को १७ औं वार्षिक साधारण सभाको यस गरिमामय अवसरमा संस्थाको तर्फबाट आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । विगतका वर्षहरूमा संस्थालाई निरन्तर विश्वास, साथ र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यहाँहरूको विश्वास, सहभागिता र सहयोगकै कारण संस्था निरन्तर अगाडी बढिरहेको छ ।

संस्था र सदस्य एक अर्काका परिपूरक हुन् । संस्थाको सफलता सदस्यहरूको सक्रिय सहभागिता, विश्वास र अनुशासित कारोबारमा निर्भर हुन्छ । त्यसैले सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई संस्थासँग नियमित बचत गर्न, आवश्यकता अनुसार कर्जा उपयोग गर्न, समयमै कर्जा तथा किस्ता भुक्तानी गर्न र संस्थासँग अधिकतम कारोबार गर्न हार्दिक अनुरोध गर्दछु। साथै सहकारीको वास्तविक भावना अनुरूप एउटै संस्थाबाट नियमित र अनुशासित कारोबार गर्ने संस्कारको विकास गर्न पनि सम्पूर्ण सदस्यज्यूहरूमा हार्दिक आग्रह गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम संस्थाको वर्तमान अवस्था, सदस्यहरूको आवश्यकता तथा आगामी चुनौतीहरूलाई ध्यानमा राखी तयार गरिएको हो। यस कार्यक्रमलाई सफल बनाउन सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, कर्मचारी तथा सम्पूर्ण सदस्यहरूको समान सहयोग र सहभागिता आवश्यक रहेको छ ।

आर्थिक वर्ष २०८३/०८४ का लागि संस्थाले तयार गरेको प्रस्तावित वार्षिक बजेट यसै साथ प्रस्तुत गरिएको जानकारी गराउन चाहन्छु । उक्त बजेट संस्थाको वर्तमान आर्थिक अवस्था, सदस्यहरूको आवश्यकता तथा आगामी वर्षका योजना र कार्यक्रमलाई आधार मानी तयार गरिएको छ । यहाँहरू सबै महानुभावहरूले प्रस्तुत बजेटको गहन अध्ययन गरी आफ्नो अमूल्य सुझाव, सल्लाह तथा रचनात्मक राय प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु । यहाँहरूको सुझावले संस्थाको आगामी कार्यक्रम तथा बजेटलाई अझ प्रभावकारी, व्यवहारिक र सदस्यमैत्री बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु । हाल समग्र सहकारी क्षेत्रमा विभिन्न चुनौतीहरू देखिएका छन् । सदस्यको विश्वास कायम राख्नु, संस्थाको तरलता व्यवस्थापन गर्नु, गुणस्तरीय कर्जा लगानी गर्नु, कर्जा असुलीलाई प्रभावकारी बनाउनु तथा संस्थागत सुशासनलाई थप मजबुत बनाउनु आजको प्रमुख आवश्यकता हो । यस अवस्थालाई ध्यानमा राखी संस्थाले सदस्यको हित, संस्थाको वित्तीय सुदृढता र दीर्घकालीन विकासलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षका कार्यक्रमहरू तय गरेको छ ।

सहकारीको मूल मर्म “बचत, ऋण र सदस्यको आर्थिक समृद्धि” लाई आत्मसात गर्दै ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. ले आर्थिक वर्ष २०८३/०८४ मा सदस्य मुखी, पारदर्शी, प्रविधिमैत्री र दिगो वित्तीय व्यवस्थापनलाई प्राथमिकतामा राखी निम्न नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य लिएको छ ।

## नीति तथा कार्यक्रम

### १. सदस्यता विस्तार तथा सदस्य सशक्तीकरण

- नयाँ सदस्य विस्तार गर्ने तथा विद्यमान सदस्यको सक्रिय सहभागिता अभिवृद्धि गर्ने ।
- सदस्यहरूको बचत गर्ने बानी विकास गर्न प्रोत्साहन गर्ने ।
- सदस्यमैत्री सेवा तथा सुविधाको विस्तार गर्ने ।

**२. बचत तथा वित्तीय व्यवस्थापन**

- सदस्यहरूको आवश्यकता अनुरूप विभिन्न प्रकारका बचत योजनाहरू सञ्चालन गर्ने ।
- बचतलाई सुरक्षित, भरपर्दो र प्रतिफलयुक्त बनाउने ।
- संस्थाको तरलता सन्तुलित राखी वित्तीय स्थायित्व कायम गर्ने ।

**३. सहुलियतपूर्ण तथा सुरक्षित ऋण लगानी**

- सदस्यको क्षमता र आवश्यकता अनुसार उत्पादनशील क्षेत्रमा ऋण लगानी गर्ने ।
- ऋण प्रवाह अघि वित्तीय परामर्श तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।
- ऋणको नियमित अनुगमन तथा असुली प्रणालीलाई प्रभावकारी बनाउने ।

**४. सुशासन तथा संस्थागत सुदृढीकरण**

- सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र कर्मचारीबीच जिम्मेवारी तथा उत्तरदायित्व अभिवृद्धि गर्ने ।
- नियमित बैठक, समीक्षा र पारदर्शी निर्णय प्रक्रियालाई संस्थागत गर्ने ।
- सहकारी ऐन, नियम तथा संस्थाको विनियम बमोजिम कार्य सञ्चालन गर्ने ।

**५. मानव स्रोत विकास**

- सञ्चालक, कर्मचारी तथा सदस्यका लागि तालिम, गोष्ठी र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
- सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कर्मचारीको दक्षता अभिवृद्धि गर्ने ।
- कर्मचारी तथा सदस्यहरूबीच सकारात्मक कार्यसंस्कृति, अनुशासन, उत्तरदायित्व र सेवामुखी भावना विकास गर्ने ।

**६. प्रविधिमैत्री सेवा विस्तार**

- सहकारीको लेखा तथा सेवा प्रणालीलाई थप प्रविधिमैत्री बनाउने ।
- डिजिटल अभिलेख व्यवस्थापन, SMS तथा अन्य विद्युतीय सेवाको प्रभावकारी प्रयोग गर्ने ।
- सदस्यलाई छिटो, सुरक्षित र सहज सेवा उपलब्ध गराउने ।

**७. सदस्य हित तथा सामाजिक उत्तरदायित्व**

- सदस्य हितका कार्यक्रम, वित्तीय शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- सामाजिक उत्तरदायित्व अन्तर्गत आवश्यक सामाजिक तथा सामुदायिक गतिविधिमा सहभागिता जनाउने ।
- चाडपर्व, विशेष अवसर तथा सदस्य सम्मान कार्यक्रम सञ्चालन गर्ने ।

**८. आर्थिक अनुशासन तथा जोखिम व्यवस्थापन**

- आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने ।
- सम्भावित वित्तीय जोखिमको पहिचान, मूल्याङ्कन र व्यवस्थापन गर्ने ।
- नियमित आन्तरिक तथा बाह्य लेखापरीक्षणलाई प्रभावकारी बनाउने ।

वार्षिक कार्यक्रमका प्रमुख लक्ष्य (बजेट अनुसार)

| **सूचक** | **आर्थिक वर्ष २०८३/०८४ लक्ष्य** |
|---|---|
| कुल बचत संकलन | रु. ६७,०४,५३,४७९.५७ |
| कुल ऋण लगानी | रु. ६५,८१,८१,२६५.२१ |
| कुल आम्दानी | रु. ८,४३,१६,०३६.६६ |
| कुल खर्च | रु. ७,२४,१४,५०५.६३ |
| **अनुमानित खुद बचत (नाफा)** | **रु. १,१९,०१,५३१.०३** |

**अनुगमन तथा मूल्याङ्कन**

- नीति तथा कार्यक्रमको त्रैमासिक समीक्षा गरिने ।
- सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिबाट नियमित अनुगमन गरिने ।
- आवश्यक सुधारका सुझाव कार्यान्वयन गर्दै कार्यक्रमलाई प्रभावकारी बनाइने ।

आर्थिक वर्ष २०८३/०८४ को यो नीति तथा कार्यक्रम सदस्यको आर्थिक हित, संस्थाको दिगोपन, सुशासन, पारदर्शिता र गुणस्तरीय सेवा प्रवाहलाई केन्द्रमा राखी तयार गरिएको हो । सम्पूर्ण सदस्य, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा कर्मचारीहरूको सक्रिय सहभागिताबाट यस कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने विश्वास लिइएको छ ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

यस संस्थालाई आजको अवस्थासम्म ल्याउन निरन्तर साथ, सहयोग र विश्वास प्रदान गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, नियमनकारी निकायहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीज्यूहरू, उपसमितिका पदाधिकारीज्यूहरू, कर्मचारी साथीहरू तथा शुभचिन्तकहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा पनि यहाँहरूको निरन्तर साथ, सहयोग र विश्वासबाट संस्था अझ सुदृढ, पारदर्शी, सदस्यकेन्द्रित तथा सफल सहकारी संस्थाका रूपमा अगाडि बढ्ने विश्वास व्यक्त गर्दछु । आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेटमाथि यहाँहरूबाट प्राप्त हुने अमूल्य सुझाव, सल्लाह र सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु । संस्थाको निरन्तर प्रगति, वित्तीय सुशासन तथा सदस्य हितका लागि आगामी दिनहरूमा पनि यहाँहरूको साथ, सहयोग र विश्वास निरन्तर रहनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

अन्त्यमा,

नजिकै आउँदै गरेका बडा दशैं, शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी मित्रहरू तथा उहाँहरूका सम्पूर्ण परिवारजनमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

जय सहकारी ।

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.

## लाजिम्पाट -२ , काठमाण्डौ

## आ. ब. २०८३/०८४ को कार्यक्रम तथा बजेट

### संस्थाको परीचय :

२०६६/११/२५ मा डिभिजन सहकारी कार्यलय काठमाण्डौ मा दर्ता भएको यस ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. का.म.न.पा. ०२ लाजिम्पाट काठमाण्डौमा अवस्थित रहेको छ। स्थापनाकालमा २५ जना सदस्यहरुबाट ६,२५,०००/- शेयर पुँजीबाट सुरु भएको संस्था हो। मुख्यतया बचत तथा ऋण कारोबारको लागि स्थापना भएको संस्था क्रमिक रुपमा सदस्य थप गर्दै आफ्नो सेवा बिस्तार गर्दै अगाडी बढेको संस्था हो। संस्थामा सदस्यहरुलाई बचतका बिभिन्न शिर्षकमा बचत गर्ने बानी गराउदै सदस्यहरुको माग बमोजिम बिभिन्न शिर्षकमा कर्जा समेत दिई सदस्यको आम्दानी बढाउन प्ररित गरिराखेको छ। स्थापनाकाल देखिनै सदस्यहरुको बचतलाई सुरक्षित रुपमा लगानी गरी प्रत्येक बर्ष शेयर सदस्यहरुलाई बोनसको रुपमा राम्रो प्रतिफल दिन सफल भएका छौ। संस्थाले बिभिन्न समयमा कर्मचारी हरुको क्षता अभिबृद्धिका लागि बिभिन्न तालिम तथा गोष्टिमा सहभागी गराउदै आएको छ। साथै बिभिन्न चरणमा सदस्यहरुलाई समेत संस्थाले तालिम प्रदान गर्दै आइरहेको छ। सदस्यहरुको सेवामा समर्पित हुदै बिशेषत सदस्यहरुको बचतलाई सुरक्षित लगानी गर्ने उद्देश्यका साथ अगाडी बढीरहेको यस संस्था सदस्यहरुको सेवामा सधै तत्पर रहने छ।

### कार्यक्रम तथा बजेट

सहकारी संस्था सदस्यहरुमा आधारीत सेवामुखि संगठन हो। सदस्यमा आधारीत गतिविधिहरु यसका प्रमुख कार्यहरु पर्दछन्। संस्थाले आफ्नो व्यवासायिक गतिविधिको निरन्तरताका साथै सदस्य संस्था सामिप्यता तथा सदस्यहरुमा संस्थाप्रतिको आकर्षणका कार्यक्रमहरु समेत समेटेर सदस्यहरुको माझमा विश्वसनियता कायम गर्दै व्यावसायिक गतिविधि पारदर्शि गर्ने र सुशासित संस्थाको रुपमा स्थापित गर्दै विधिसम्मत सेवा प्रदान गर्ने यस संस्थाको अत्यावश्यक व्यवस्थापकिय कार्य भित्र पर्दछ।सहकारी ऐन २०७४ को दफा ४३ बमोजिम संस्थाको संचालक समितीका काम कर्तव्य अधिकार उल्लेख भएको र सोहि दफा अन्तरगत सहकारी संस्थाको निती योजना बजेट र बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्नुपर्ने अनिवार्य प्रावधान रहको छ। त्यसै गरी ऐनको दफा ३८ बमोजिम साधारण सभाले बार्षिक योजना तथा बजेट पास गर्नुपर्ने प्रावधान रहेको छ। ऐनको दफा ७३ अन्तरगत बार्षिक कार्यक्रम निती तथा योजना नियमन निकायमा पेश गर्नुपर्ने प्रावधान रहेको छ।

उपरोक्त प्रावधानको परीपालना गर्दै आर्थिक बर्ष शुरुवात अगावै संस्थाको संचालक समितीको बैठकबाट आगामि आर्थिक वर्ष २०८३/०८४ को लागि संस्थाले गर्ने कार्यक्रमहरु तथा व्यावसायिक कार्यहरुको लागि कार्यक्रम तथा बजेट तर्जुमा गरेको छ। संचालक समितीबाट तयार आ. ब. २०८३/०८४ को निती, कार्यक्रम र बजेट तथा कार्यक्रमलाई आगामि साधारण सभामा अनुमोदनका लागि पेश गर्ने संचालक समितीको बैठकबाट पारीत गरीएको छ।

### संस्थाको बार्षिक निती

संस्थाले आगामि बर्ष २०८२/०८३ का लागि निम्नासार कार्यनिती अवलम्बन गर्ने योजना रहेको छ।

१. यस बर्षमा सदस्यता स्थायित्व, वृद्धि तथा सदस्यता सामिप्यता कायम गर्ने निती ल्याईने छ।

२. संस्थाले सदस्यहरुको लामो अवधिको र सदस्यहरुको जिवनशैलिमा आधारीत हुने बचतका प्रकारहरु तथा योजनाहरु अवलम्बन गर्ने निति ल्याईने छ।

३. सदस्यहरुलाई ऋण लगानि गर्नुपुर्व वित्तीय ज्ञान तथा वित्तीय शिक्षा सहित परामर्श दिदै वित्तीय अनुशासनका प्रभाव तथा वित्तीय अनुशासन कायम नहुदा पर्न सक्ने प्रभावका बारेमा ज्ञान दिलाउने निती अगाडि सारिने छ ।

४. हालको सहकारी अभियानमा देखा परेको बिषम परीस्थितिसँग सामना गर्नका लागि संचालक समितीको प्रत्यक्ष संलग्नतामा विभिन्न क्षेत्रगत तथा विषयगत उप समितीहरु गठन गर्दै सदस्य र संस्था सामिप्यताका कार्यक्रमहरु संचालनमा ल्याईने छ।

५. संस्थाको संचालक समती, लेखा सुपरीवेक्षण समिती तथा कर्मचारीहरुलाई थप जवाफदेहिता सहित सदस्यहरुमाझमा प्रस्तुत हुनका लागि नियमित बैठक, छलफल तथा संस्थाको गतिविधिहरुको बारेमा संचार व्यवस्थालाई प्रभावकारी बनाउने र सबै मानवश्रोतको क्षमता विकासका लागि जोड दिईने छ ।

## बार्षिक बजेटः

संस्थाले लिएको उपरोक्त निती तथा कार्यक्रम अन्तरगत व्यावसायिक गतिविधिलाई समेटेर बार्षिक बजोट तय गरीएको छ।

बजेट निर्माणका सामान्य आधार तथा मान्यताः

- मिती २०८३ आषाढ १६ गते सम्मको वित्तीय अवस्था (विवरण) लाई आधार लिईएको र आषाढ मसान्तको अनुमान गरी आगामि आ. ब. २०८३/०८४ को बजेट तयार गरीएको।
- चालु आर्थिक बर्षको बर्षान्तमा नाफाको अनुमान गर्दै करीव २० लाख जगेडा कोषमा जाने र अन्य विभिन्न कोषहरुमा रहेको रकम समेत जगोडा कोषमा सार्ने गरी प्रक्षेपण गरीएको।
- सदस्यता वृद्धिका आधारमा सामान्य शेयर थप हुने र पुराना सदस्यहरबाट शेयर थप आव्हान गरी शेयर रकम जम्मा सम्पत्तिको ७ प्रतिशत भन्दा माथि कायम गर्ने लक्ष्य राखिएको।
- अनुमानित बचत वृद्धिको आधारमा हालको परीवेशलाई मध्य नजर गर्दै २० प्रतिशतभन्दा बडी तरलता व्यवस्था गर्ने योजना राखिएको।
- बैंक मौज्दातमा सामान्य व्याज आय गर्ने अनुमान गरीएको छ ।
- सदस्य सामिप्यता कार्यक्रममा बिशेषजोड दिनका लागि विभिन्न कार्यक्रमहरुको योजना तय गरी खर्च प्रस्ताव गरीएको।

संस्थाले लिएको उपरोक्त निती तथा कार्यक्रम अन्तरगत व्यावसायिक गतिविधिलाई समेटेर निम्नानुसारको बार्षिक बजेट तय गरीएको छ :

| **सकंलन** | **आ.ब. २०८२/२०८३ आषाढ १६ को आधारमा** | **आ.ब.२०८३/२०८४ को अनुमानित** | |
|---|---|---|---|
| बिबरण | बास्तबिक रकम रु | अनुमानित बृद्धि रकम | जम्मा बजेट |
| शेयर पुंजी | ५,०७,०६,९००.०० | ६०,५५,०००.०० | ५,६७,६१,९००.०० |
| नारी वचत | १९,५९,१३९.७९ | १,९५,९१३.९८ | २१,५५,०५३.७७ |
| साधारण वचत | ५,५५,८९,९९५.१८ | ५५,५८,९९९.५२ | ६,११,४८,९९४.७० |
| स्पेशल वचत | ८,२७,०३,७५५.८८ | ८२,७०,३७५.५९ | ९,०९,७४,१३१.४७ |
| नियमित बचत | ५,४३,७३,६७८.२८ | १,०८,७४,७३५.६६ | ६,५२,४८,४१३.९४ |
| बाल बचत | १७,४५८.७१ | १,७४५.८७ | १९,२०४.५८ |
| आवधिक तथा अन्य बचत | ४०,९९,१६,०७३.७४ | ४,०९,९१,६०७.३७ | ४५,०९,०७,६८१.११ |
| जम्मा | ६०,४५,६०,१०१.५८ | ६,५८,९३,३७७.९९ | ६७,०४,५३,४७९.५७ |

| **उपयोग (लगानि) तर्फ** | **आ.ब. २०८२/२०८३ आषाढ १६ को आधारमा** | **आ.ब.२०८३/२०८४ को अनुमानित** | |
|---|---|---|---|
| बिबरण | बास्तबिक रकम रु | अनुमानित बृद्धि रकम | जम्मा बजेट |
| ब्यापार ब्यवसाय कर्जा | १४,३५,५०,५४१.०९ | १,७२,२६,०६४.९३ | १६,०७,७६,६०६.०२ |
| हायर पर्चेच कर्जा | ३,८३,४१,६७८.४१ | ४६,०१,००१.४१ | ४,२९,४२,६७९.८२ |
| घर जग्गा कर्जा | ३१,९२,९३,९४५.८९ | ३,८३,१५,२७३.५१ | ३५,७६,०९,२१९.४० |
| मुद्दती वचतमा कर्जा | ३,५१,६७,५३७.७३ | ४२,२०,१०४.५३ | ३,९३,८७,६४२.२६ |
| छोटो अवधीको कर्जा | ५,१३,०८,१४०.८२ | ६१,५६,९७६.९० | ५,७४,६५,११७.७२ |
| जम्मा | ५८,७६,६१,८४३.९४ | ७,०५,१९,४२१.२७ | ६५,८१,८१,२६५.२१ |

| लगानिबाट आम्दानि तर्फ | आ.ब. २०८२/२०८३ आषाढ १६ को आधारमा | आ.ब.२०८३/२०८४ को अनूमानित | |
|---|---|---|---|
| बिबरण | बास्तबिक रकम रु | अनुमानित बृद्धि रकम | जम्मा बजेट |
| ब्यापार ब्यवसाय कर्जाबाट ब्याज प्राप्त | १,६०,१२,२९४.१६ | १६,०१,२२९.४२ | १,७६,१३,५२३.५८ |
| हायरपर्चेज कर्जाबाट ब्याज प्राप्त | ४०,२५,९३४.०२ | ४,०२,५९३.४० | ४४,२८,५२७.४२ |
| घर जग्गा कर्जाबाट ब्याज प्राप्त | ३,८९,६६,९७६.९१ | ३८,९६,६९७.६९ | ४,२८,६३,६७४.६० |
| आवधिक वचतको कर्जाबाट ब्याज प्राप्त | ३४,६२,२६१.५६ | ३,४६,२२६.१६ | ३८,०८,४८७.७२ |
| टायम कर्जाबाट ब्याज | ६,५६,८५७.१५ | ६५,६८५.७२ | ७,२२,५४२.८७ |
| छोटो अवधीको कर्जाबाट ब्याज प्राप्त | ८९,५१,३५४.५१ | ८,९५,१३५.४५ | ९८,४६,४८९.९६ |
| जम्मा | ७,२०,७५,६७८.३१ | ७२,०७,५६७.८३ | ७,९२,८३,२४६.१४ |
| **अन्य आम्दानि तर्फ** | **आ.ब. २०८२/२०८३ आषाढ १६ को आधारमा** | **आ.ब.२०८३/२०८४ को अनूमानित** | |
| बिबरण | बास्तबिक रकम रु | अनुमानित बृद्धि रकम | जम्मा बजेट |
| ऋण फर्म शुल्क | १,१८,२००.०० | - | १,१८,२००.०० |
| सदश्यता शुल्क | ३०,५००.०० | ३,३५५.०० | ३३,८५५.०० |
| बिबिध आम्दानी | २६,९५९.०४ | ५,३९१.८१ | ३२,३५०.८५ |
| ऋण अनूगमन तथा सेवा शुल्क | ६१,१२,६०८.०० | -१५,२८,१५२.०० | ४५,८४,४५६.०० |
| बैक ब्याज आम्दानि | १३,१९,६४३.३७ | -१०,५५,७१४.७० | २,६३,९२८.६७ |
| जम्मा | ७६,०७,९१०.४१ | -२५,७५,११९.८९ | ५०,३२,७९०.५२ |
| **बचतमा ब्याज खर्च तर्फ** | **आ.ब. २०८२/२०८३ आषाढ १६ को आधारमा** | **आ.ब.२०८३/२०८४ को अनूमानित** | |
| बिबरण | बास्तबिक रकम रु | अनुमानित बृद्धि रकम | जम्मा बजेट |
| नारी वचत ब्याज | ७३,०१५.२७ | ७,३०१.५३ | ८०,३१६.८० |
| बाल बचत ब्याज | ९२१.२७ | ९२.१३ | १,०१३.४० |
| साधारण वचत ब्याज | ७,२१,५४६.४८ | ७२,१५४.६५ | ७,९३,७०१.१३ |
| स्पेशल वचत | ९१,५०,४४९.५२ | ९,१५,०४४.९५ | १,००,६५,४९४.४७ |
| आवधिक/अन्य बचतमा ब्याज | ४,६९,१८,१६४.०३ | ५१,९१,८१६.४० | ५,७१,०९,९८०.४३ |
| जम्मा | ६,१८,६४,०९६.५७ | ६१,८६,४०९.६६ | ६,८०,५०,५०६.२३ |
| **कर्मचारी तथा मानव शंसाधन** | **आ.ब. २०८२/२०८३ आषाढ १६ को आधारमा** | **आ.ब.२०८३/२०८४ को अनूमानित** | |
| बिबरण | बास्तबिक रकम रु | अनुमानित बृद्धि रकम | जम्मा बजेट |
| कर्मचारी तलब | ४०,२६,१५७.४४ | ८,०५,२३१.४९ | ४८,३१,३८८.९३ |
| कर्मचारी दशैं खर्च | २,३७,४२६.६० | ४७,४८५.३२ | २,८४,९११.९२ |
| कर्मचारी सञ्चयकोष खर्च | १,३७,६०८.०० | २७,५२१.६० | १,६५,१२९.६० |
| सामाजिक सुरक्षा खर्च | १,१६,२५०.०० | २३,२५०.०० | |
| कर्मचारि पोषाक खर्च | १,१९,३५०.०० | २३,८७०.०० | १,४३,२२०.०० |
| जम्मा | ४६,३६,७९२.०४ | ९,२७,३५८.४१ | ५४,२४,६५०.४५ |

| प्रशासनिक खर्च तथा संस्था विकास खर्च | आ.ब. २०८२/२०८३ आषाढ १६ को आधारमा | आ.ब. २०८३/२०८४ को अनुमानित | |
|---|---|---|---|
| बार्षिक साधारण सभा खर्च | १,८६,६३३.०० | ५५,९८९.९० | २,४२,६२२.९० |
| लेखापरिक्षण शुल्क | १,५०,०००.०० | - | - |
| बैठक भत्ता खर्च | ३,७०,०००.०० | ७४,०००.०० | ४,४४,०००.०० |
| चिया खाजा तथा अतिथी सत्कार खर्च | ४,३८,१२९.२१ | ४३,८१२.९२ | ४,८१,९४२.१३ |
| ईन्धन तथा स्थानिय यातायात खर्च | ७,०५,३५०.०० | १,७६,३३७.५० | ८,८१,६८७.५० |
| घरभाडा खर्च | ६,४६,५५२.०० | १,२९,३१०.४० | ७,७५,८६२.४० |
| कार्यालय तथा नगद बिमा खर्च | ५५,७४६.०० | २,७८७.३० | ५८,५३३.३० |
| स्थानिय तह दर्ता नविकरण खर्च | ४,५००.०० | २२५.०० | ४,७२५.०० |
| बिबिध खर्च | ३२,५९५.७२ | १,६२९.७९ | ३४,२२५.५१ |
| सफ्टवेयर तथा डाटा सुरक्षण नबिकरण खर्च | १,६५,०२५.०० | ३३,००५.०० | १,९८,०३०.०० |
| ऋणालगानी तथा असुलि स्थलगत निरिक्षण खर्च | - | १,५५,९००.०० | १,५५,९००.०० |
| छपाई तथा मसलन्द खर्च | २,१४,८३१.३७ | ३२,२२४.७१ | २,४७,०५६.०८ |
| मर्मत संभार खर्च | ७,०००.०० | ७००.०० | ७,७००.०० |
| सदश्य प्रबर्धन तथा तालिम खर्च | ६७,०५९.८२ | ३,३५२.९९ | ७०,४१२.८१ |
| टेलिफोन इन्टरनेट तथा संचार खर्च | ३१,१७४.०० | १५,५८७.०० | ४६,७६१.०० |
| बत्ति पानी खर्च | ६१,४०८.०० | ३०,७०४.०० | ९२,११२.०० |
| एसएमएस खर्च | १०,६४२.३४ | ५३२.१२ | ११,१७४.४६ |
| क्युआर शुल्क | ७१२.९४ | ३५.६५ | ७४८.५९ |
| बैंक शुल्क तथा चार्ज | ३२,५९५.७२ | ३,२५९.५७ | ३५,८५५.२९ |
| जम्मा | ३१,७९,९५५.१२ | ७,५९,३९३.८४ | ३९,३९,३४८.९६ |
| | **आ.ब. २०८२/२०८३ आषाढ १६ को आधारमा वास्तविक** | | **आ.ब.२०८३/२०८४ को अनुमानित** |
| **कूल आम्दानि** | ७,९६,८३,५८८.७२ | **कूल आम्दानि** | ८,४३,१६,०३६.६६ |
| **कूल खर्च** | ६,९६,८०,८४३.७३ | **कूल खर्च** | ७,२४,१४,५०५.६३ |
| **खूद बचत** | १,००,०२,७४४.९९ | **खूद बचत** | १,१९,०१,५३१.०३ |

## बजेटको समिक्षा तथा अनुगमनः

संस्थाले तयार गरेको उपरोक्त निती, कार्यक्रम तथा बार्षिक वित्तीय प्रक्षेपणको नियमित अनुगमन गर्नका लागि संस्थाको व्यवस्थापनले प्रत्येक ३/३ महिनाको योजना र प्रगतिको अवस्था कारण सहित तयार गरी संचालक समतीमा पेश गरीनेछ। संचालक समितीले प्रत्येक क्रियाकलापको समिक्षा गरी फरकता भएको खण्डमा फरकताका कारण तथा सुधारका उपायहरु समेत पहिचान गर्नेछ। त्यसैगरी संस्थाको लेखा सुपरीवेक्षण समितीले व्यवस्थापनले तयार गरेको तथा संचालक समितीले समिक्षा गरेको विषयलाई समेत आधार लिई त्रैमासिक आधारमा आवश्यक परीक्षण गर्ने, मुल्याकंन गर्ने र विश्लेषणात्मक छलफल गरी संचालक समितीमा आवश्यक सुझाव दिने र देखिएका कैफियतहरु औल्याउने काम गरीनेछ।

# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
# १७ औं वार्षिक साधारण सभा
## आर्थिक वर्ष २०८२/०८३



सिता भट्टराई
संयोजक

यस ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. को १७ औ बार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिगण, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, उपस्थित  सम्पूर्ण शेयर सदस्य महानुभावहरू कर्मचारी साथीहरू । लेखा सुपरिवेक्षण समितिको तर्फबाट यहाँहरू सबैलाई हार्दिक स्वागत, सम्मान तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

आजको यस गरीमामय सभामा संस्थाको तर्फबाट लेखा सुपरीवेक्षण समितीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महशुस भएको छ । लेखा सुपरीवेक्षण समितीले सहकारी ऐन २०७४ को दफा ४९ बमोजिम आन्तरीक परीक्षण गर्ने र आवश्यक कैफियतहरु सुधारका लागि सुझाव सहित संचालक समिती समक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्ने कर्तव्य पुरा गर्दै आएको छ । यसै सन्दर्भमा सोही दफाको प्रावधान बमोजिम यस गरीमामय सभामा सुपरीवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन पेश गरीएको व्यहोरा यस सभामा निवेदन गर्दछु ।

आदरणीय सदस्य महानुभावहरू,

सहकारी ऐन, २०७४, प्रदेश सहकारी ऐन तथा संस्थाको विनियम बमोजिम लेखा सुपरिवेक्षण समितिलाई प्रदान गरिएको जिम्मेवारी अनुसार आर्थिक वर्ष २०८२/०८३ मा संस्थाको वित्तीय, प्रशासनिक तथा आन्तरिक नियन्त्रण प्रणालीको नियमित अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने कार्य सम्पन्न गरिएको छ । सो अवधिमा समितिले गरेका प्रमुख कार्यहरू तथा प्राप्त निष्कर्षहरू यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

## १. समितिले सम्पन्न गरेका प्रमुख कार्यहरू

- १६औं वार्षिक साधारण सभाबाट पारित निर्णयहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरिएको ।
- सञ्चालक समितिका नियमित बैठकका निर्णयहरूको समीक्षा तथा आवश्यक सुझाव प्रदान गरिएको ।
- लेखा सुपरिवेक्षण समितिको नियमित बैठक सञ्चालन गरी संस्थाको आन्तरिक लेखा प्रणालीको परीक्षण गरिएको ।
- समय समयमा नगद मौज्दात (Vault Check), बैंक मौज्दात तथा हिसाब-किताबको परीक्षण गरिएको ।
- ऋण लगानी, असुली प्रक्रिया तथा धितो व्यवस्थापनको अनुगमन गरिएको ।
- आम्दानी, खर्च तथा बजेट कार्यान्वयनको समीक्षा गरी आवश्यक सुझाव दिइएको ।
- संस्थाको सम्पत्ति तथा जिन्सी अभिलेखको परीक्षण गरिएको ।
- सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण लगायतका नियामक निकायबाट जारी निर्देशनहरूको पालना भए/नभएको अनुगमन गरिएको ।

## २. अनुगमनबाट प्राप्त प्रमुख अवस्था

समितिको निरीक्षण तथा परीक्षणबाट निम्न अवस्था प्राप्त भएका छन्:

- संस्थाको लेखा प्रणाली प्रचलित कानुन, नीति तथा मापदण्ड अनुरूप सञ्चालन भएको पाइयो ।
- नगद तथा बैंक मौज्दात अभिलेखसँग मिलेको र हिसाब-किताब व्यवस्थित रहेको पाइयो ।
- ऋण लगानी स्वीकृत नीति, प्रक्रिया र धितो मूल्याङ्कनका आधारमा गरिएको पाइयो ।
- सदस्यहरूको बचत तथा ऋण कारोबार व्यवस्थित रूपमा अभिलेखीकरण गरिएको पाइयो ।
- मासिक तथा वार्षिक वित्तीय विवरण समयमै तयार गरी सम्बन्धित निकायमा पेश गरिएको पाइयो ।
- संस्थाले डिजिटल सेवा विस्तारतर्फ आवश्यक पहल गर्दै मोबाइल बैंकिङ सेवा सञ्चालनलाई थप प्रभावकारी बनाउने प्रयास गरेको पाइयो ।
- संस्थाको प्रशासनिक तथा वित्तीय अनुशासन सन्तोषजनक रहेको पाइयो ।

## ३. समितिका सुझावहरू

**संस्थालाई अझ प्रभावकारी, पारदर्शी र सदस्यमैत्री बनाउन समितिले निम्न सुझावहरू प्रस्तुत गर्दछ ।**

- राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड बमोजिम उत्पादनमूलक तथा आयआर्जनमूलक क्षेत्रमा कम्तीमा ५० प्रतिशत अनिवार्य लगानी गर्नुपर्ने प्रावधानको परीपालनाको लागि आवश्यक कार्य योजना तयार गरी सुरक्षित ऋण लगानीलाई प्राथमिकता दिइयोस् । यसका साथै संस्थाको तरलताको प्रभावकारी व्यवस्थापन गर्नका लागि उत्पादनशिल लगानीमा जोड दिन अत्यावश्यक रहेको देखिन्छ ।
- संस्थाको निरन्तरता तथा पुँजी श्रोतको प्रभावकारी व्यवस्थापनका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड बमोजिम नियमित बचत कम्तीमा २५ प्रतिशत कायम गर्नुपर्ने प्रावधान बमोजिम नियमित बचत वृद्धीको लागि आवश्यक कार्ययोजना तयार गरी प्रभावकारी लागु गर्न सुझाव गरेका छौं । यस विषयमा साधारण सदस्यज्यूहरुको सक्रियताको अपेक्षा सहित अव्हान गर्दछौं ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड बमोजिम निर्देशन बमोजिम सम्पत्ती शुद्धीकरण निवारण प्रभावकारी बनाउन र हाल कायम कार्यविधी अद्यावधिक गर्न सुझाव गर्दछौं ।
- संस्थाको अभिलेखमा रहेको सदस्य संख्या बमोजिम निष्क्रिय रहेका सदस्यलाई सक्रिय बनाउनका लागी कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गरियोस् । सक्रिय हुन नचाहने सदस्यहरुको सदस्यता समाप्तीमा समेत ध्यान दिन आवश्यक रहेको देखिन्छ ।
- ऋण असुलीलाई थप प्रभावकारी बनाउन उपसमिति तथा फिल्ड अनुगमनलाई सुदृढ गर्नु पर्ने अवश्यकता देखिएको छ ।
- सदस्य शिक्षा, वित्तीय साक्षरता तथा सहकारी प्रशिक्षण कार्यक्रम बार्षिक कार्ययोजनामा समेटेर लागु गर्दै नियमित रुपमा सञ्चालन गर्नु पर्ने अवश्यकता देखिएको छ ।
- सञ्चालक समिति, उपसमिति तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा अध्ययन अवलोकन भ्रमणलाई निरन्तरता दिनु पर्ने अवश्यकता देखिएको छ ।
- मोबाइल बैंकिङ तथा डिजिटल सेवाको प्रयोग सदस्यस्तर सम्म विस्तार गर्न प्रचार-प्रसार गर्नु पर्ने अवश्यकता देखिएको छ ।
- समय सापेक्ष आवश्यक नीति, कार्यविधि तथा निर्देशिकाको परिमार्जन तथा निर्माण गर्नु पर्ने अवश्यकता देखिएको छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई अझ मजबुत बनाउन नियमित आन्तरिक परीक्षण र जोखिम व्यवस्थापनलाई प्राथमिकता दिनु पर्ने अवश्यकता देखिएको छ ।
- हालै सहकारी विभागबाट निरीक्षण भएको र औल्याईएका कैफियतहरुको निराकरण तथा समाधानका लागि कार्ययोजना तय गरी प्रभावकारी बनाउन सुझाव गर्दछौं ।
- उपरोक्त सुझावहरुका साथै संस्थाको व्यावासाय वृद्धि गर्न, वित्तीय सुचांकहरुको मापदण्ड कायम गर्न, नियमन निकायका सुचांकहरुको परीपालना गर्न, आन्तरीक नियन्त्रण प्रणालिका लागि ऐन नियम तथा मापदण्डले तोकेका विभिन्न कार्यविधीहरु अद्यावधिक तयार गरी कार्यान्वयन गर्न लगायतका विषयहरु समेट्ने गरी कम्तीमा तिन बर्षे रणनितीक योजना तयार गरी कार्यान्वयन गर्न समेत सुझाव गर्दछौं ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

लेखा सुपरिवेक्षण समितिले आर्थिक वर्ष २०८२/०८३ भरि संस्थाको वित्तीय अनुशासन, पारदर्शिता, सुशासन तथा सदस्य हितलाई केन्द्रमा राखी आफ्नो जिम्मेवारी निर्वाह गरेको छ । समग्र मूल्याङ्कनका आधारमा संस्थाको लेखा तथा वित्तीय व्यवस्थापन सन्तोषजनक रहेको समितिको निष्कर्ष रहेको छ । समितिले प्रस्तुत गरेका सुझावहरू कार्यान्वयन हुँदै जाने विश्वास व्यक्त गर्दै यो प्रतिवेदन १७ औं वार्षिक साधारण सभाबाट पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा,

लेखा सुपरिवेक्षण समिति लाई सहयोग गर्नुहुने अध्यक्षज्यू, सञ्चालक समिति, व्यवस्थापन, कर्मचारीहरू तथा सम्पूर्ण सदस्य महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै नजिकै आईरहेको विजया दशमी, दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्व को शुभ अवसरमा सम्पूर्ण सदस्य तथा शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन यहीँ समाप्त गर्दछु ।

धन्यवाद ।

जय सहकारी ।

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
## कोषाध्यक्षको आर्थिक प्रतिवेदन

### आर्थिक वर्ष २०८२/०८३

आदरणीय सभाध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, कर्मचारी मित्रहरू तथा उपस्थित सम्पूर्ण शेयर सदस्य दाजुभाइ तथा दिदीबहिनीहरूमा संस्थाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।



**भरत अर्याल**
कोषाध्यक्ष

"संस्थाका लागि सदस्य र सदस्यका लागि संस्था" भन्ने सहकारीको मूल सिद्धान्तलाई आत्मसात गर्दै हाम्रो संस्थाले सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक हितलाई केन्द्रमा राखी निरन्तर सेवा प्रदान गर्दै आएको छ । आर्थिक वर्ष २०८२/०८३ मा पनि वित्तीय सुशासन, पारदर्शिता, सदस्य हित र संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखी संस्थाले आफ्ना सम्पूर्ण आर्थिक गतिविधिहरू सञ्चालन गरेको छ । प्रस्तुत प्रतिवेदन यस आर्थिक वर्षको लेखापरीक्षित वित्तीय विवरणका आधारमा तयार गरिएको हो।

आर्थिक वर्ष २०८२/०८३ नेपालको सहकारी क्षेत्रका लागि सुधार र विश्वास पुनःस्थापनाको वर्ष रह्यो । आर्थिक गतिविधिमा क्रमिक सुधार भए पनि बजारको प्रतिस्पर्धा, कर्जा असुली, लगानी व्यवस्थापन तथा वित्तीय अनुशासन कायम राख्नु चुनौतीपूर्ण नै रह्यो । यस्ता चुनौतीका बीच पनि हाम्रो संस्थाले सदस्यहरूको विश्वास कायम राख्दै सन्तुलित वित्तीय व्यवस्थापन गर्न सफल भएको छ ।

आर्थिक वर्ष २०८२/०८३ को प्रमुख बित्तीय सुचकहरु

| क्र.सं. | विवरण | आ.व. २०८२/८३ रु. | आ.व.२०८१/८२ रु. |
|---|---|---|---|
| १ | शेयर पूँजी | ५१,०७७,९०० | ४०,४८६,७०० |
| २ | जगेडा तथा अन्य कोष | ३३,१३०,४८९ | ३२,५३८,८०१ |
| ३ | कुल संस्थागत पूँजी | ८४,२०८,३८९ | ७३,०२५,५०१ |
| ४ | कुल बचत तथा निक्षेप | ५७१,२३१,१६२ | ५६६,२६७,८५२ |
| ५ | लगानीमा रहेको कर्जा | ५६४,४३३,९३६ | ५९७,७९३,४७१ |
| ६ | तरलता /रकम | १४६,२४६,१६१ | १०७,६१३,२६४ |
| ७ | कुल सम्पत्ति | ७१६,९२२,७२९ | ७२८,२४९,३८३ |
| ८ | खुद नाफा | ४,४३९,५४४ | ६,५५७,६७३ |

## १. शेयर पूँजी

संस्थाको शेयर पूँजी सदस्यहरूको सक्रिय सहभागिता र संस्थाप्रतिको विश्वासका कारण निरन्तर सुदृढ हुँदै गएको छ । शेयर पूँजी वृद्धि हुनु संस्थाको दीर्घकालीन वित्तीय स्थायित्वका लागि सकारात्मक पक्ष हो । आगामी आर्थिक वर्षमा पनि शेयर सदस्य विस्तार तथा शेयर पूँजी वृद्धि अभियानलाई निरन्तरता दिइनेछ । अघिल्लो बर्ष रु. ४ करोड ४ लाख ८६ हजार ७०० रहेको शेयर पुँजी  हाल रु. ५ करोड १० लाख ७७ हजार ९०० पुगेको छ ।

## २. बचत तथा निक्षेप

सदस्यहरूको विश्वासका कारण संस्थामा बचत तथा निक्षेप संकलन सन्तोषजनक रूपमा वृद्धि भएको छ । नियमित बचत, मुद्दती बचत, महिला बचत, ज्येष्ठ नागरिक बचत तथा अन्य बचत योजनामार्फत सदस्यहरूको बचत परिचालन प्रभावकारी रूपमा गरिएको छ । सदस्यहरूको बचत सुरक्षित राख्ने र समयमै फिर्ता गर्ने व्यवस्था संस्थाले निरन्तर कायम राखेको छ । गत आर्थिक वर्षको तुलनामा बचत रकम वृद्धि भई कुल बचत तथा निक्षेप रु. ५७ करोड १२ लाख ३१ हजार १ सय ६२ कायम भएको छ जुन अघिल्लो बर्षको रु ५६ करोड ६२ लाख ६७ हजार ८ सय ५२ भन्दा ०.८८ प्रतिशत बढि हो ।

## ३. ऋण लगानी

संस्थाले सदस्यहरूको आवश्यकता र क्षमता मूल्याङ्कन गरी उत्पादनशील, व्यवसायिक तथा व्यक्तिगत प्रयोजनका लागि ऋण प्रवाह गरेको छ। लेखापरीक्षित विवरणअनुसार गत आर्थिक वर्षको तुलनामा ऋण लगानी वृद्धि भई रु. रु. ५६ करोड ४४ लाख ३३ हजार ९ सय ३७ पुगेको छ। अघिल्लो आर्थिक वर्षको रु. ५९ करोड ७७ लाख ९३ हजार ४ सय ७१ को तुलनामा कर्जा करिब ५.५८ प्रतिशतले कमी आएको छ।

## ४. तरलता तथा नगद सुरक्षा

संस्थाले सहकारी ऐन, २०७४ बमोजिम आवश्यक तरलता कायम राख्दै सदस्यहरूको बचत फिर्ता तथा ऋण प्रवाहलाई सन्तुलित रूपमा व्यवस्थापन गरेको छ। आर्थिक वर्षको अन्त्यमा तरलता तथा नगद सरह रकम रु. १४ करोड ६२ लाख ४६ हजार १ सय ६१ रहेको छ। कुल बचत तथा निक्षेपको आधारमा तरलता अनुपात करिब २५.६० प्रतिशत कायम भएको छ। नगद सुरक्षाका लागि भल्ट, नगद बीमा, CCTV निगरानी, दैनिक नगद मिलान तथा बैंकमा नियमित नगद जम्मा गर्ने व्यवस्था लागू गरिएको छ।

## ५. जगेडा तथा संस्थागत कोष

संस्थाले सहकारी ऐन तथा संस्थाको विनियमअनुसार जगेडा कोष, संस्थागत संरक्षण कोष, ऋण जोखिम कोष, सदस्य राहत कोष तथा शिक्षा तथा तालिम कोषमा नियमित रकम विनियोजन गर्दै संस्थाको वित्तीय सुरक्षा र स्थायित्वलाई सुदृढ बनाएको छ। संस्थाको वित्तीय स्थायित्वलाई थप मजबुत बनाउन जगेडा कोष तथा अन्य कोषहरूमा समेत वृद्धि भएको छ। यस वर्षको अन्त्यसम्म जगेडा कोषलगायत विभिन्न कोषमा करिब रु. ३ करोड ३१ लख ३० हजार ८ सय ८९ सञ्चित रहेको छ। शेयर पूँजी समेत समावेश गर्दा कुल संस्थागत पूँजी रु. ८ करोड ४२ लाख ८ हजार ३ सय ८९ पुगेको छ।

## ६. ब्याजदर संरचना

संस्थाले सहकारी विभागको निर्देशन तथा प्रचलित कानुनबमोजिम बचत तथा ऋणको ब्याजदर निर्धारण गरेको छ। बचत र ऋणको ब्याजदर बीचको अन्तर कानुनी सीमा भित्र ६% कायम राख्दै सदस्य हितलाई प्राथमिकतामा राखिएको छ।

## ७. वित्तीय सुशासन

संस्थाका सम्पूर्ण आर्थिक कारोबार संस्था विनियम, नीति तथा कार्यविधिअनुसार सञ्चालन गरिएका छन्। आधुनिक MIS Software मार्फत लेखा प्रणाली सञ्चालन गरिएको छ भने सम्पूर्ण वित्तीय विवरण सुरक्षित राख्न Cloud Backup System प्रयोग गरिएको आन्तरिक नियन्त्रण प्रणाली, दैनिक नगद मिलान तथा बैंक मिलान प्रक्रियालाई नियमित रूपमा कार्यान्वयन गरिएको छ।

## ८. लेखापरीक्षण

आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण नेपाल लेखापरीक्षण मापदण्ड अनुसार सम्पन्न गरिएको छ। लेखापरीक्षण बाट प्राप्त सुझावहरूलाई संस्थाले आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

## ९. सञ्चालन आम्दानी, खर्च तथा खुद मुनाफा

आर्थिक वर्ष २०८२/०८३ मा संस्थाले सञ्चालन आम्दानी वृद्धि गर्दै खर्चमा मितव्ययिता अपनाएको छ। वित्तीय अनुशासन र प्रभावकारी व्यवस्थापनका कारण संस्थाले रु. ४४ लाख ३९ हजार ५४४ रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ। संस्थाले आर्जन गरेको खुद मुनाफा सहकारी ऐन, नियमावली तथा संस्थाको विनियम बमोजिम जगेडा कोष, संस्थागत संरक्षण कोष, शिक्षा तथा तालिम कोष, सहकारी प्रवर्द्धन कोष तथा अन्य आवश्यक कोषहरूमा बाँडफाँट गर्ने प्रस्ताव गरिएको छ।

## १० ऋण जोखिम व्यवस्थापन

संस्थाले सम्भावित ऋण नोक्सानी लाई ध्यानमा राख्दै ऋण जोखिम व्यवस्थापन लाई विशेष प्राथमिकतामा राखेको छ। नियमित कर्जा अनुगमन, निष्क्रिय कर्जा न्यूनीकरण, समयमै असुली तथा आवश्यक Provision व्यवस्था कार्यान्वयन गरिएको छ।

## ११ कर दायित्व

संस्थाले आयकर तथा अन्य कानुनी कर दायित्व सम्बन्धित कार्यालयमा समयमै दाखिला गरी प्रचलित कानुन बमोजिम कर सम्बन्धी सम्पूर्ण दायित्व पूरा गरेको छ।

## १२ सदस्य राहत कोष

सदस्य राहत कोष मार्फत सदस्यको एकाघर परिवारमा मृत्यु भएको अवस्थामा समवेदना स्वरूप आर्थिक सहायता उपलब्ध गराउने कार्यलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ। संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत सदस्य हितका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

## १३. निष्कर्ष तथा आगामी प्रतिबद्धता

आर्थिक वर्ष २०८२/८३ संस्थाका लागि वित्तीय अनुशासन, सदस्य विश्वास,संस्थागत सुदृढीकरण तथा जिम्मेवार वित्तीय व्यवस्थापनलाई निरन्तरता दिने वर्षका रूपमा रहेको छ। बदलिँदो वित्तीय वातावरण, बजारमा देखिएको प्रतिस्पर्धा तथा कर्जा असुली र लगानी व्यवस्थापनका चुनौतीका बीच पनि संस्थाले सदस्यहरूको विश्वासलाई केन्द्रमा राखी आफ्नो वित्तीय गतिविधिलाई सन्तुलित रूपमा अगाडि बढाएको छ। संस्थाको मूल उद्देश्य सदस्यहरूको आर्थिक हितसँगै सामाजिक सुरक्षामा समेत योगदान पुऱ्याउनु हो। यसै उद्देश्यअनुरूप संस्थाले सदस्य राहत कोष मार्फत सदस्य परिवारमा मृत्यु भएको अवस्थामा संवेदनशीलता तथा सहकारी भावनाका साथ आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ। यस कार्यक्रमले सदस्यहरूबीच आपसी सहयोग, आत्मीयता र संस्थाप्रतिको अपनत्वको भावना अझ मजबुत बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

मैले प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन संस्थाको वित्तीय लेखापरीक्षण प्रतिवेदनका आधारमा तयार गरिएको हो। यस प्रतिवेदनमाथि यहाँहरूको गहन अध्ययन, अमूल्य सुझाव तथा रचनात्मक सल्लाहको अपेक्षा गर्दछु। आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन यसै साथ संलग्न रहेको ब्यहोरा अनुरोध छ। प्रस्तुत आर्थिक प्रतिवेदन तथा प्रस्तावित कार्यक्रमहरू अनुमोदन तथा पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु। संस्थाको निरन्तर प्रगति र विकासमा साथ, सहयोग र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण शेयर सदस्य महानुभावहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार तथा कर्मचारी मित्रहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा

नजिकै आईरहेको विजया दशमी, दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्व को शुभ अवसरमा सम्पूर्ण सदस्य तथा शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मेरो आर्थिक प्रतिवेदन यहीँ समाप्त गर्दछु।

धन्यवाद।

जय सहकारी।

**I.U. & Co.**
Regd. Auditor
*Regd No: COP : 1101, Firm 2314 (ICAN)*
*PAN 302101014*

Anamnagar, Kathmandu
P.O. Box No.8973 NPC 609
Kathmandu, Nepal
Phone: 9841414747

# श्री ट्रेड बचत तथा ऋण सहकारी संस्था लि.
## काठमाण्डौ–२, लाजिम्पाटका शेयर सदस्य महानुभावहरुमा

### स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

हामीले ट्रेड बचत तथा ऋण सहकारी संस्था लि काठमाण्डौ-२, लाजिम्पाटको यसैसाथ संलग्न २०८३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक बर्षको आय विवरण, नगद प्रवाह विवरण, इक्वीटमिा भएको परिवर्तन र प्रमुख लेखा नीति तथा लेखासम्बन्धि टिप्पणीको(यसपछि समग्रमा वित्तीय विवरण भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा माथि उल्लेखित वित्तीय विवरणले सारभुत रुपमा संस्थाको मिति २०८३ अषाढ ३२ को वित्तीय अवस्था सोहि मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाब नाफा नोक्सान बांडफांड हिसाब नगद प्रवाह विवरण इक्युटिमा भएको परिवर्तन र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणीहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम समुचित तथा यथार्त चित्रण गर्दछ ।

**रायका आधार**

हामिले हाम्रो लेखापरीक्षण कार्य निकायहरुको वित्तीय विवरणहरुको लेखापरीक्षणका लागि नेपाल लेखापरीक्षणमान(NSAs) अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । नेपाल लेखापरीक्षणमान अर्न्तगत हाम्रो जिम्मेवारीहरु थप रुपमा हाम्रो प्रतिवेदनको वित्तीय विवरणहरुको लेखापरीक्षणका लागि लेखापरीक्षकको जिम्मेवारीहरु खण्डमा वर्णन गरिएको हुन्छ । हामि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले प्रकाशित गरेको व्यवसायिक एकाउन्टेन्ट्स आचारसंहिंता(सन) २०१८ अनुरुप सहकारी संस्थाबाट स्वतन्त्र छौं । जुन हाम्रो वित्तीय विवरणहरुको लेखापरीक्षणका लागि (क्षेत्राधिकार) मा लागुहुने नैतिक आवश्यकता अनुसार हुन्छ र यि आवश्यकता बमोजिम हामिले पुरा गर्नुपर्ने सम्पुर्ण नैतिक तथा अन्य जिम्मेवारी पुरा गरेका छौं । हामीलाई बिश्वास छ कि प्राप्त गरिएका लेखापरीक्षण प्रमाण पर्याप्त र उपयुक्त छ जसले हाम्रो रायका लागि आधार प्रदान गर्दछ । संस्थाले आवश्यक ऋण जोखिम कोष व्यवस्था गरेको छ ।

**वित्तीय विवरण उपर ब्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरिएका नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय विवरणहरु यर्थात र उचित चित्रण गर्ने तथा चाहे जालसाजी वा गल्तिबाट होस सारभुत रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कर्यान्वयन र सचांलन गर्ने कार्य तथा जिम्मेबारी ट्रेड बचत तथा ऋण सहकारी संस्था. लि को ब्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयारी गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने सचांलन बन्द गर्ने वा सो बाहेक व्यवहारिक बैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक संस्था निरन्तर सचांलन हुने क्षमताको मुल्यंकन गर्ने आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर सचांलनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको रहेको छ संस्थाको सचांलक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखका लागि जिम्मेवार छ ।

I. U and COMPANY
Regd. No. 2314
Regd. Auditor

I.U. & Co.
Regd. Auditor
Regd No: COP : 1101, Firm 2314 (ICAN)
PAN 302101014

Anamnagar, Kathmandu
P.O. Box No.8973 NPC 609
Kathmandu, Nepal
Phone: 9841414747

**वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

संस्थाको व्यवस्थापनले तयार गरेको वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो जिम्मेवारी हो । नेपाल लेखापरीक्षणमान(NSAs) अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यी लेखापरीक्षणमानले हामीलाइ नैतिकताको पालना गर्ने तथा वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा तथा त्रुटी रहित भएको बारेमा मनासिव आश्वासन प्रप्त गर्ने र विश्वास हुनका लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तर्जमा गरी लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछ । लेखापरीक्षणमा वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षणलाइ समेत लेखापरीक्षमा समावेश गरिएको छ ।

**अन्य कानुनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

१, लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।
२, हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको हिसाब किताबहरु प्रचलित कानुन बमोजिम ठिक सँग राखिएका छन् ।
३, संस्थाले सदश्यमा ऋण लगानी गरेका कतिपय फायलमा आवश्यक आम्दानीका स्रोत·प्रमाणित हुने कागजात संलग्न राखेको पाइएन ।
४, हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेष्ताहरुबाट सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था, निक्षेपकर्ता तथा सदश्यहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको उल्लेखित अन्य विषयबस्तुमा प्रस्ट्याइउको बाहेक हाम्रो जानकारीमा आएन ।
५, संस्थाले बोनस ऐन २०३० को दफा ५ अनुसारको कर्मचारी बोनस व्यवस्था गरेको छ ।

I. U and COMPANY
Regd. No. 2314
Regd. Auditor

इश्वर श्रेष्ठ
आइ.यु. एण्ड कम्पनी
मिती: २०८३।०५।१९
स्थान: काठमाडौं
UDIN : 260907RA021039vN6H

## ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ असार, २०८३ को

### वित्तीय स्थितीको विवरण(वासलात)

| विवरण | नोट | ३२ असार २०८३ | ३२ असार २०८२ (संसोधित) | १ श्रावण २०८१ (संसोधित) |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| कर्जा लगानी | ४.१ | ५६,४४,३३,९३७ | ५९,७७,९३,४७१ | ४६,६२,५८,६६४ |
| नगद वा नगद सरह | ४.२ | १४,६२,४६,१६१ | १०,७६,१३,२६४ | १६,४३,००,५४८ |
| शेयर लगानी | ४.३ | ३०,२५,००० | ३०,२५,००० | ३०,२५,००० |
| लगानी सम्पत्ति | ४.४ | ( | १,६५,००,००० | १,६५,००,००० |
| सम्पत्ति तथा उपकरण | ४.५ | १६,७७,८९४ | १०,६०,१५८ | ११,४१,०५५ |
| अमूर्त सम्पत्ति | ४.६ | ६७,८०० | १,०१,७०० | १,३५,६०० |
| कर्मचारी परिभाषित लाभ सम्पत्ति | ४.७ | ( | ( | ( |
| चालु कर सम्पत्ति | ४.८ | १०,४९,६२३ | १८,३७,९७६ | २८,९६,०५१ |
| अन्य सम्पत्ति | ४.९ | ३,९८,०६२ | ३,७९,४८६ | १,२०,४०४ |
| स्थगन कर सम्पत्ति | ४.१० | २४,२५२ | (६१,६७१ | (३८,०५२ |
| **कुल सम्पत्ति** | | **७१,६९,२२,७२९** | **७२,८२,४९,३८३** | **६५,४३,३९,२७०** |
| **पुजी** | | | | |
| शेयर पुजी | ४.११ | ५,१०,७७,९०० | ४,०४,८६,७०० | ३,७७,७९,५०० |
| जगेडा तथा अन्य कोष | ४.१२ | ३,३१,३०,४८९ | ३,२५,३८,८०१ | २,८५,६२,८१९ |
| **कुल पुजी** | | **८,४२,०८,३८९** | **७,३०,२५,५०१** | **६,६३,४२,३१९** |
| **दायित्व** | | | | |
| बचत तथा निक्षेप | ४.१३ | ५७,१२,३१,१६२ | ५६,६२,६७,८५३ | ५१,८४,०८,२४२ |
| ऋण तथा सापटी | ४.१४ | ( | ( | ( |
| कर्मचारी परिभाषित लाभ दायित्व | ४.७ | ( | ( | ( |
| चालु कर दायित्व | ४.८ | ( | ( | ( |
| अन्य दायित्व | ४.१५ | ६,१४,८३,१७७ | ८,८९,५६,०२९ | ६,९५,८८,७०९ |
| **कुल दायित्व** | | **६३,२७,१४,३४०** | **६५,५२,२३,८८२** | **५८,७९,९६,९५१** |
| **कुल पुजि तथा दायित्व** | | **७१,६९,२२,७२९** | **७२,८२,४९,३८३** | **६५,४३,३९,२७०** |

उल्लेखित मितीमा संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| ... प्रसाद निरौला | भरत अर्याल | अरुण ढुंगेल | अमृत श्रेष्ठ | आई.यु.एण्ड कम्पनी |
| ... प्रमुख | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक |

मिति: ...

I. U and COMPANY
Regd. No. 2314
Regd. Auditor

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको
**नाफा/नोक्सान विवरण**

अंक रु मा

| विवरण | अनुसुचि | आ.व.२०८२/८३ | आ.व.२०८१/८२ (संसोधित) |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१६ | ७,६९,४३,६४९ | ७,५९,७३,८३९ |
| ब्याज खर्च | ४.१७ | ६,२४,६४,९७७ | ७,०१,२३,३९७ |
| **खुद ब्याज आम्दानी** | | १,४४,७८,६७२ | ५८,५०,४४२ |
| अन्य संचालन आम्दानी | ४.१८ | ८०,८१,२७५ | १,०४,४२,१६९ |
| **कुल सञ्चालन आम्दानी** | | २,२५,५९,९४७ | १,६२,९२,६११ |
| कर्जाको तथा अन्य सम्पत्तिको इम्पेएरमेन्ट | ४.१९ | (५८,११,०४९ | (५,३६,७०० |
| **खुद संचालन आम्दानी** | | १,६७,४८,८९८ | १,५७,५५,९११ |
| कर्मचारी लाभ खर्च | ४.२० | (५५,७०,७१७ | (४७,३६,२६० |
| अन्य सञ्चालन खर्च | ४.२१ | (३२,९५,४४५ | (२६,११,११० |
| ऋण सम्बन्धित बैकं चार्ज | ४.२२ | ० | ० |
| ह्रास कट्टी तथा परिशोधन | ४.२३ | (१,९७,१६६ | (१,६५,२९६ |
| **सञ्चालन नाफा** | | ७६,८५,५७० | ८१,६२,४४७ |
| गैर संचालन आम्दानी/घाटा | ४.२४ | ( | ( |
| गैर संचालन खर्च | ४.२५ | (२०,४१,५२६ | ( |
| **आयकर अगाडीको नाफा** | | ५६,४४,०४४ | ८१,६२,४४७ |
| आयकर खर्च | ४.२६ | | |
| चालु आय कर | | (१२,९०,४२२ | (१५,८१,१५५ |
| गत वर्षको कर व्यवस्था | | ( | |
| स्थगन कर खर्च/(आय) | ४.१० | ८५,९२३ | (२३,६१९ |
| **खुद नाफा** | | ४४,३९,५४५ | ६५,५७,६७३ |

**प्रति शेयर आम्दानी**

| | | |
|---|---|---|
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | ८।६९ | १६।२० |
| डाइलुटेड प्रति शेयर आम्दानी (Diluted EPS) | ८।६९ | १६।२० |

उल्लेखित मितीमा संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| चन्द्र प्रसाद सिलवाल | भरत अर्याल | अरुण डगोल | अमृत श्रेष्ठ | आई.यु एण्ड कम्पनी |
| कार्यकारी प्रमुख | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक |

मिति:- २०८३।०५।१९

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको

नगद प्रवाह विवरण

अंक रु मा

| विवरण | आ.व.२०८२/८३ | आ.व.२०८१/८२ (संसोधित) |
|---|---|---|
| संचालन कारोबारबाट नगद प्रवाह | | |
| कर पछिको नाफा | ४४,३९,५४५ | ६५,५७,६७३ |
| समायोजन: | | |
| स्थगन कर आय | (८५,९२३ | २३,६१९ |
| ह्रास कट्टी तथा परिशोधन | १,९७,१६६ | १,६५,२९६ |
| क्रियाशिल पुजीमामा परिवर्तन: | | |
| कर्जा लगानीमा भएको कमी/(बृद्धि) | ३,३३,५९,५३४ | (१३,१५,३४,८०७ |
| अन्य सम्पतिमा भएको कमी/(बृद्धि) | १,७२,६९,७७७ | ७,९८,९९४ |
| बचत तथा निक्षेप दायित्वमा भएको (कमी)/बृद्धी | ४९,६३,३१० | ४,७८,५९,६११ |
| अन्य दायित्वमा भएको (कमी)/बृद्धी | (२,७४,७२,८५२ | १,९३,६७,३२० |
| आयकर भुक्तानी | | |
| क. संचालन कारोबारबाट खुद नगद प्रवाह | ३,२६,७०,५५७ | (५,६७,६२,२९५ |
| लगानी कारोबारबाट नगद प्रवाह | | |
| संरक्षित पुजी फिर्ता | ( | ( . |
| सम्पत्ति तथा उपकरण खरिद | (७,८१,००३ | (५०,४९८ |
| सम्पत्ति तथा उपकरण एकिकरणबाट प्राप्त | ( | ( |
| अमूर्त सम्पत्ति खरिद | ( | ( |
| सम्पत्ति तथा उपकरण बिक्री | ( | ( |
| लगानी सम्पत्तिमा भएको बृद्धि | ( | |
| शेयर लगानीमा भएको बृद्धि | ( | ( |
| ख. लगानी कारोबारबाट खुद नगद प्रवाह | (७,८१,००३ | (५०,४९८ |
| बित्तीय कारोबारबाट नगद प्रवाह | | |
| शेयर पुजिमा भएको बृद्धि | १,०५,९१,२०० | २७,०७,२०० |
| जगेडा कोषमा सदस्यबाट थप | (५३,७१५ | (१५,४९,६८१ |
| सदस्यलाई लाभांश तथा संरक्षित पुजि कोष वितरण | (३३,०६,१९४ | (३०,२४,१०१ |
| विभिन्न कोषबाट वितरण/खर्च | (४,८७,९४७ | १९,९२,०९१ |
| ग. बित्तीय कारोबारबाट नगद प्रवाह | ६७,४३,३४४ | १,२५,५०९ |
| चालु आ.व को खुद नगद तथा बैंक प्रवाह | ३,८६,३२,८९८ | (५,६६,८७,२८४ |
| शुरुको नगद तथा बैंक मौज्दात | १०,७६,१३,२६४ | १६,४३,००,५४८ |
| चालु आ.व.को कुल नगद तथा बैंक मौज्दात | १४,६२,४६,१६१ | १०,७६,१३,२६४ |

उल्लेखित मितीमा संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| चन्द्र प्रसाद [illegible] | [illegible] अर्याल | अरुण डगोल | अमृत श्रेष्ठ | आई.यु.एण्ड कम्पनी |
| कार्यकारी प्रमुख | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक |

मिति- २०८२/०९/...

I. U and COMPANY
Regd. No. 2314
Regd. Auditor

**ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**अन्य विस्तृत आम्दानीको विवरण**
२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको

रकम (रु)

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ (संसोधित) |
|---|---|---|
| १. चालु वर्षको नाफा | ४४,३९,५४५ | ६५,५७,६७३ |
| आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income) | | |
| नाफा/(नोक्सान) मा पुन: वर्गिकरण नगरिने कारोबार :- | | |
| पुन: मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | |
| माथि उल्लेख गरिएको बुदाको आयकर | - | - |
| क. नाफा/(नोक्सान) मा पुन: वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी (Other Comprehensive Income) | - | - |
| नाफा/(नोक्सान) मा पुन: वर्गिकरण गरिने कारोबार | | |
| ख. नाफा/(नोक्सान) मा पुन: वर्गिकरण गरिने अन्य विस्तृत आम्दानी (Other Comprehensive Income) | - | - |
| २. चालु बर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income) क+ख | - | - |
| जम्मा विस्तृत आम्दानी १+२ | ४४,३९,५४५ | ६५,५७,६७३ |

उल्लेखित मितीका संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| चन्द्र प्रसाद खनाल | भरत अर्याल | अरुण डगोल | विमल श्रेष्ठ | आई.यु.एण्ड कम्पनी |
| कार्यकारी प्रमुख | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक |

I. U and COMPANY Regd. No. 2314 Regd. Auditor

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
अन्य वैधानिक कोषहरु
२०८२ श्रावण १ देखि २०८३ असार ३२ सम्मको

| विवरण | सहकारी शिक्षा कोष | शेयर लाभांश कोष | कर्मचारी बोनस कोष | सहकारी विकास कोष | सामुदायिक विकास कोष | अन्य जोखिम व्यवस्थापन कोष | स्थिरीकरण कोष | स्थगन कर कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ श्रावण, २०८१ सालको मौज्दात | १,६१,६१८ | ११,३९,४१६ | ७,७६,८३३ | १,६१,६१८ | १,६१,६१८ | १,६१,६१८ | १,६१,६१८ | (३८,०५२) | ३४,८६,३८७ |
| NFRS बमोजिम रुपान्तरणको समायोजन/पुन:स्थापना | | | | | | | | | |
| १ श्रावण, २०८१ सालको संशोधित मौज्दात | १,६१,६१८ | ११,३९,४१६ | ७,७६,८३३ | १,६१,६१८ | १,६१,६१८ | १,६१,६१८ | १,६१,६१८ | (३८,०५२) | ३४,८६,३८७ |
| आ.व. २०८१/८२ मा: | | | | | | | | | |
| कोषबाट भुक्तानी | | | | | | | | | - |
| जगेडा कोषमा सारिएको | (१,६१,६१८) | | ० | (१,६१,६१८) | (१,६१,६१८) | (१,६१,६१८) | (१,६१,६१८) | | (८,०८,०९०) |
| कोषबाट भुक्तानी | | (११,३९,४१६) | (७,७६,८३३) | | | | | | (२०,१६,२४९) |
| खुद नाफाबाट बाँडफाँड | १,७६,६९४ | २१,२०,३२८ | ४,८७,९४७ | १,७६,६९४ | १,७६,६९४ | १,७६,६९४ | १,७६,६९४ | (२३,६१९) | ३४,६८,१२६ |
| ३२ असार २०८२ को अन्तिम मौज्दात | १,७६,६९४ | २१,२०,३२८ | ४,८७,९४७ | १,७६,६९४ | १,७६,६९४ | १,७६,६९४ | १,७६,६९४ | (६१,६७१) | ३४,३०,०७४ |
| आ.व. २०८२/८३ मा: | | | | | | | | | |
| जगेडा कोषमा स्थानान्तरण | (१,७६,६९४) | - | - | (१,७६,६९४) | (१,७६,६९४) | (१,७६,६९४) | (१,७६,६९४) | - | (८,८३,४७०) |
| कोषबाट भुक्तानी | - | (२१,२०,३२८) | (४,८७,९४७) | | | | | | (२६,०८,२७५) |
| खुद नाफाबाट बाँडफाँड | १,२४,०३० | १४,८८,३१७ | - | १,२४,०३० | १,२४,०३० | १,२४,०३० | १,२४,०३० | | २१,०८,३०५ |
| संचित घाटाको समायोजन | | | | | | | | | - |
| सदस्यबाट थप | | | | | | | | | - |
| ३२ असार २०८३ को अन्तिम मौज्दात | १,२४,०३० | १४,८८,३१७ | - | १,२४,०३० | १,२४,०३० | १,२४,०३० | १,२४,०३० | (६१,६७१) | २०,४६,८३६ |

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण
२०८२ श्रावण १ देखि २०८३ असार ३२ सम्मको

| विवरण | शेयर पुँजी | साधारण जगेडा कोष | संरक्षित पुँजी फिर्ता कोष | अन्य नियमनकारी कोषहरु | संचित मुनाफा | घाटापूर्ति कोष | सहकारी प्रवर्द्धन कोष | शेयर भयालु कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ श्रावण, २०८१ सालको मौज्दात | ३,७७,७९,५०० | २,२८,२०,१२४ | १०,८४,६८५ | ३४,८६,२८७ | ४,३०,१३३ | ७,९९,८९६ | २९,६९४ | | ६,६३,४२,३१९ |
| NFRS बमोजिम स्थानान्तरणको समायोजन/पुनःस्थापना | | | | | - | | | | - |
| १ श्रावण, २०८१ सालको संशोधित मौज्दात | ३,७७,७९,५०० | २,२८,२०,१२४ | १०,८४,६८५ | ३४,८६,२८७ | ४,३०,१३३ | ७,९९,८९६ | २९,६९४ | | ६,६३,४२,३१९ |
| आ.व. २०८१/८२ को विस्तृत आम्दानी | | | | | | | | | |
| नाफा | | | | | ६५,५७,६७७ | | | | ६५,५७,६७७ |
| आयकर पश्चातको अन्य विस्तृत आम्दानी | | | | | | | | | |
| यस वर्षको कुल विस्तृत आम्दानी | | | | | ६५,५७,६७७ | - | - | | ६५,५७,६७७ |
| यस वर्षको कोष बाँडफाँड | | १५,८१,१५५ | ११,८५,८६६ | ३४,६८,१२६ | (६३,००,९९९) | १,७६,६९४ | २३,७७० | | १,३४,५५९ |
| यस वर्षको जगेडा कोषमा स्थानान्तरण | | | - | (८,०८,०९०) | | (७,९९,८९६) | (२९,६९४) | | (१५,४९,६८०) |
| अन्य कोषबाट रकमान्तर | | २६,३४,३६५ | - | | | | | | २६,३४,३६५ |
| अन्य कोषबाट भुक्तानी | | | - | (७,७६,८३३) | | | | | (७,७६,८३३) |
| सदस्यबाट थप | | - | | | | | | | - |
| इक्विटीमा देखाईएको शेयरधनी सगको कारोबार | | | | | | | | | - |
| शेयर निष्काशन | २७,०७,२०० | | | | | | | | २७,०७,२०० |
| शेयर फिर्ता | | | | | | | | | - |
| शेयर धनीलाई नगद लाभांश वितरण | | | | (१९,३९,४९६) | | | | | (१९,३९,४९६) |
| शेयर धनीलाई संरक्षित पुँजी फिर्ता | | | (१०,८४,६८५) | | | | | | (१०,८४,६८५) |
| ३२ असार, २०८२ सालको मौज्दात | ४,०४,८६,७०० | २,७०,३५,६४४ | ११,८५,८६६ | ३४,३०,०७४ | ६,८६,८०७ | १,७६,६९४ | २३,७७० | | ७,३०,२५,५०२ |
| १ श्रावण, २०८२ सालको मौज्दात | ४,०४,८६,७०० | २,७०,३५,६४४ | ११,८५,८६६ | ३४,३०,०७४ | ६,८६,८०७ | १,७६,६९४ | २३,७७० | | ७,३०,२५,५०२ |
| यस वर्षको विस्तृत आम्दानी आ.व. २०८२/८३ | | | | | | | | | |
| नाफा | | | | | ४४,३१,५४५ | | | | ४४,३१,५४५ |
| आयकर पश्चातको अन्य विस्तृत आम्दानी (OCI) | | | | | | | | | - |
| कुल विस्तृत आम्दानी | | | | | ४४,३१,५४५ | | | | ४४,३१,५४५ |
| जगेडा कोषमा स्थानान्तरण | | ८,५३,४७० | ० | (८,८३,४७०) | | | (२३,७७०) | | (५३,७७०) |
| कोषबाट भुक्तानी | | | | (४,८७,९४७) | | | | | (४,८७,९४७) |
| कोष बाँडफाँड | | ११,५७,९४६ | ८,३२,४१५ | २१,०८,५०६ | (४४,३१,५४५) | १,२४,०३० | १६,६४८ | - | ० |
| सदस्यबाट थप | | - | | | | | | | - |
| इक्विटीमा देखाईएको शेयरधनी संगको कारोबार | | | | | | | | | - |
| शेयर निष्काशन | १,०५,११,२०० | | | | | | | | १,०५,११,२०० |
| शेयर फिर्ता | | | | | | | | | - |
| शेयर धनीलाई नगद वितरण | | | (११,८५,८६६) | (२१,२०,३६८) | | | | | (३३,०६,२३४) |
| ३२ असार, २०८३ सालको मौज्दात | ५,१०,७७,९०० | २,९१,४७,०२९ | ८,३२,४१५ | २०,४६,८३५ | ६,८६,८०७.०७ | ३,००,७२३.८० | १६,६४८.२९ | - | ८,४२,०८,३८९ |

उल्लेखित वित्तीय विवरणहरु संलग्न प्रतिवेदनको आधारमा

राम प्रसाद भिरौला, कार्यकारी प्रमुख
भरत कार्की, कोषाध्यक्ष
अरुण ढकाल, सचिव
[illegible], अध्यक्ष
आई. यु. एण्ड कम्पनी, लेखापरीक्षक

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
लाजिम्पाट, काठमाडौं
आ.व. २०८२/२०८३को नाफा बाडफाड हिसाब विवरण

| विवरण | रकम | | | | जम्मा रकम |
|---|---|---|---|---|---|
| बचत (नाफा नोक्सान हिसाब विवरणबाट) | | ४४,३९,५४४/६६ | | | |
| जगेडा कोष | प्रतिशत | गत वर्षसम्मको बाकी रकम | यस वर्षको थप/घट | यस वर्षको रकम | जम्मा रकम |
| गत वर्षसम्मको बाकी रकम | | २,७०,३५,६४३/५४ | | | २,७०,३५,६४३/५४ |
| अन्य तथा गत वर्षको कोषबाट | | | ८,५३,४७०/०९ | | ८,५३,४७०/०९ |
| जगेडा कोषमा रकमान्तर (दफा ६८ अनुसार) | २५ | | | ११,०९,८८६/१६ | ११,०९,८८६/१६ |
| जम्मा जगेडा कोष | | २,७०,३५,६४३/५४ | ८,५३,४७०/०९ | ११,०९,८८६/१६ | २,८९,९८,९९९/८० |
| दफा ६८ अनुसारको बाडफाड पछीको मुनाफा | | | | ३३,२९,६५८/४९ | |
| दफा ६९ तथा ७० बमोजिमको बाडफाड | | | | | |
| संरक्षित पुजी कोष | २५ | ११,८५,८६५/९३ | ११,८५,८६५/९३ | ८,३२,४१४/६२ | ८,३२,४१४/६२ |
| सहकारी प्रवर्द्धन कोष | ०।५ | २३,७१७/३२ | २३,७१७/३२ | १६,६४८/२९ | १६,६४८/२९ |
| जम्मा संरक्षित पुजी तथा सहकारी प्रवर्द्धन कोष | | १२,०९,५८३/२५ | १२,०९,५८३/२५ | ८,४९,०६२/९२ | ८,४९,०६२/९२ |
| दफा ६८, ६९ र ७० को बाडफाड पछीको मुनाफा | १०० | | | २४,८०,५९५/५८ | |
| नियमावलीको २७ अनुसारको बाडफाड | | | | | |
| सहकारी शिक्षा कोष | ५ | १,७६,६९४/०२ | १,७६,६९४/०२ | १,२४,०२९/७८ | १,२४,०२९/७८ |
| शेयर लाभांश कोष | ६० | २१,२०,३२८/२८ | २१,२०,३२८/२८ | १४,८८,३५७/३५ | १४,८८,३५७/३५ |
| कर्मचारी बोनस कोष | ० | ४,८७,९४६/७८ | ४,८७,९४६/७८ | ( | ( |
| जगेडा कोष | १० | ( | ( | २,४८,०५९/५६ | २,४८,०६१/३४ |
| सहकारी विकास कोष | ५ | १,७६,६९४/०२ | १,७६,६९४/०२ | १,२४,०२९/७८ | १,२४,०२९/७८ |
| घाटापूर्ति कोष | ५ | १,७६,६९४/०२ | १,७६,६९४/०२ | १,२४,०२९/७८ | ३,००,७२३/८० |
| सामुदायिक विकास कोष | ५ | १,७६,६९४/०२ | १,७६,६९४/०२ | १,२४,०२९/७८ | १,२४,०२९/७८ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | १,७६,६९४/०२ | १,७६,६९४/०२ | १,२४,०२९/७८ | १,२४,०२९/७८ |
| स्थिरीकरण कोष | ५ | १,७६,६९४/०२ | १,७६,६९४/०२ | १,२४,०२९/७८ | १,२४,०२९/७८ |
| जम्मा अन्य कोष | १०० | ३६,६८,४३९/१९ | ३६,६८,४३९/१९ | २४,८०,५९५/५८ | २६,५७,२९१/३८ |
| जम्मा कोषहरु | | ३,१९,१३,६६५/९७ | ५७,३१,४९२/५३ | ४४,३९,५४४/६६ | ३,२५,०५,३५४/०९ |

संस्थाले बोनस ऐन २०३० को दफा ५ अनुसारको कर्मचारी बोनस व्यवस्था गरेको हुदा, सहकारी नियमावलीको दफा २७ तथा संस्थाको विनियमावलीको दफा ६० अनुसारको बाडफाडमा, बाकी रहेको १०% रकम जगेडा कोषमा बाडफाड गरिएको ।

## ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको
वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ४.१ कर्जा लगानी

सदस्यहरुलाई प्रदान गरिएको देहायका विभिन्न शीर्षकका कर्जालाई प्रभावकारी ब्याज दर ('EIR') विधि प्रयोग नगरी परिशोधित मूल्य (Amortised Cost) मा इम्पेयरमेन्ट घटाई मापन गरिएको छ । परिशोधन र इम्पेयरमेन्टबाट नोक्सानी भएमा नाफा/नोक्सानको विवरणमा जनाईनेछ ।

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| व्यवसायिक कर्जा | १४,२९,२०,३१२ | ११,१०,११,५७१ | ९,८५,७८,९३० |
| शैक्षिक कर्जा | ( | | ( |
| मुद्दती बचतमा कर्जा | ३,२७,८६,४३८ | ५,७६,७३,६६२ | ३,५४,००,०८४ |
| छोटो अवधीको कर्जा | ३,९४,९१,९९९ | ११,५६,०९,८२७ | ७,६७,७३,८१४ |
| सामुहिक जमानी कर्जा | ( | | |
| टाइम कर्जा | १,००,००,००० | | |
| घर जग्गा कर्जा | ३१,७२,८६,५४६ | २९,६४,३१,९४४ | २३,५९,६७,८२३ |
| हायर पर्चेज कर्जा | ३,७१,१८,८५९ | २,६०,४७,०८४ | २,९०,६७,४४६ |
| आवधिक बचतको अधिनमा कर्जा | ( | | |
| | ५७,९६,०४,०५४ | ६०,६७,७४,०८७ | ४७,५७,८८,०९७ |
| प्राप्त हुन बाकी ब्याज | ( | ३,७८,४५२ | २,३९,८७३ |
| कुल ऋण लगानी | ५७,९६,०४,०५४ | ६०,७१,५२,५३९ | ४७,६०,२७,९७० |
| इमपेयरमेन्ट चार्ज (ऋण जोखिम कोष) | (१,५१,७०,११७ | (९३,५९,०६८ | (९७,६९,३०७ |
| जम्मा | ५६,४४,३३,९३७ | ५९,७७,९३,४७१ | ४६,६२,५८,६६४ |

### ४.१.१ कर्जा लगानीमा इमपेयरमेन्ट चार्ज

संस्था आ.व. २०८२/८३ मा राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वार मिती २०८२.०२.०९ मा जारी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ को परिच्छेद ३ को दफा ३ बमोजिम ऋण को वर्गीकरण तथा दफा ४ बमोजिम ऋण नोक्सानी व्यवस्था गरेको छ ।

| विवरण | ऋणको वर्गीकरण | ऋण नोक्सानी व्यवस्था प्रतिशत |
|---|---|---|
| असल ऋण (भाखा ननाघेको र भाखा नाघी ३ महिना व्यतित नभएको) | ५७,०१,३५,२९० | १% |
| कमसल (३ देखि ६ महिनासम्म भाखा नाघेका) | ( | २५% |
| शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका) | ( | ५०% |
| खराब ऋण (१२ महिनाभन्दा बढीले भाखा नाघेका) | ९४,६८,७६४ | १००% |
| जम्मा | ५७,९६,०४,०५४ | |

### ४.१.२ कर्जा लगानीमा इमपेयरमेन्ट चार्जमा परिवर्तन

| विवरण | ३२ असार २०८२ | ३१ असार २०८१ |
|---|---|---|
| श्रावण १ गते को मौज्दात | ९३,५९,०६८ | ९७,६९,३०७ |
| चालु आ.व.मा थप | ५८,११,०४९ | (४,१०,२३८ |
| जम्मा | १,५१,७०,११७ | ९३,५९,०६८ |

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
२०८२ श्रावण १ देखि २०८३ असार ३२ सम्मको
वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ४.२ नगद वा नगद सरह

संस्थासग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, छोटो सुचनामा प्राप्त हुने र नगदमा रुपान्तरण हुने साथै तीन वा तीन महिना भन्दा कम समयमा परिपक्व हुने अति तरल वित्तीय सम्पत्तिलाई नगद वा नगद सरह मा वर्गीकरण गरिएको छ । सहकारीले अल्पकालिन प्रतिबद्धता पुरा गर्न प्रयोग गर्ने र फेयर भ्यालु परिवर्तनमा नगन्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो । वित्तीय अवस्थाको विवरणमा नगद र नगद सरहलाई परिशोधित मुल्यमा राखिएको छ ।

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| नगद मौज्दात | ६,१६,५२६ | ९,४९,७६५ | २,१०,१९८ |
| नगद हिसाब(ट्रान्जिट) | ३,६४,०४५ | ६,८४,७०० | ( |
| बैंक मौज्दात | ( | | |
| एभरेष्ट बैंक | ५३,७५,४९७ | ६,७५,१०८ | ७,६६,५७२ |
| ग्लोबल आ.इ.एम.ई बैंक | ४,८१,९२,५१३ | ३,८७,३१,७४८ | २,४१,२०,४९८ |
| कुमारी बैंक | ३०,२७,७६२ | २३,६३,८६३ | ९,६८८ |
| एन आई सी एसिया बैंक | २८,६७,७९८ | १,२२,३३,५९६ | २१,९५,४८७ |
| एन एम बि बैंक | ( | १,६०,११० | १,५८,८३२ |
| सिद्धार्थ बैंक | ५४,८७,६०३ | २५,१९,७९५ | १,४३,६७,९९५ |
| सिभिल बैंक | ( | ९०,७८३ | ८९,५९६ |
| सिद्धार्थ बैंक मुद्दति | ३,००,००,००० | १,००,००,००० | १,००,००,००० |
| ग्लोबल आ.इ.एम.ई बैंक मुद्दति | ५०,००,००० | ( | २,००,००,००० |
| गरिमा बिकाश बैंक | २,१७,८५,३३९ | ३८,८८,२११ | २६,७६,३०७ |
| ज्योति बिकास बैंक लि. | ( | ६२,८१६ | ६२,३२६ |
| रिलायन्स फाईनान्स लि. | ( | ९,४६१ | ९,३१९ |
| प्रोग्रेसिभ फाइनान्स | ( | ५,००१ | ५,००० |
| राष्ट्रिय सहकारी बैंक | १,३५,४६,७८२ | २,९४,५२,८९४ | ७,८९,६२,८६८ |
| राष्ट्रिय सहकारी बैंक नारायणगोपाल चौक | ४,७३,२९७ | ४,७०,७११ | ४,६४,२८३ |
| नेफ्स्कून | ९५,०८,९९९ | ५३,१४,६२२ | १,०२,०१,५७७ |
| जम्मा | १४,६२,४६,१६१ | १०,७६,१३,२६४ | १६,४३,००,५४८ |

### ४.३ लगानी धितोपत्र

दीर्घकालीन रणनीतिक लगानीको रूपमा संस्थाहरूले सहकारी सम्बन्धित संस्थामा इक्विटी उपकरणहरूमा लगानी गरि सो धितोपत्रलाई लागत मुल्यमा इम्पेयरमेन्ट घटाई मापन गरेको छ । सूचिकृत नभएका धितोपत्रमात्रमा लगानी गरेको हुदा यस्ता लगानीलाई लागत मुल्यमा इम्पेयरमेन्ट घटाई मापन गरिएको छ ।

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | ३०,००,००० | ३०,००,००० | ३०,००,००० |
| नेफ्स्कून शेयर | २०,००० | २०,००० | २०,००० |
| काठमाडौ जिल्ला सहकारी संघ(शेयर) | ५,००० | ५,००० | ५,००० |
| जम्मा | ३०,२५,००० | ३०,२५,००० | ३०,२५,००० |

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको
वित्तीय विवरणका लेखा टिप्पणीहरु

**४.४ लगानी सम्पत्ति**

लगानी सम्पत्तिमा लाभ तथा भाडा प्राप्त गर्ने उद्देश्यले खरिद गरिएको जग्गा रहेको छ । यसका अलावा संस्थाले सामान्यतया सदस्यहरूलाई जग्गा र/वा भवनको धितोमा ऋण प्रदान गरेको हुन्छ । ऋण चुक्ता नभएको अवस्थामा ऋण असुलीको लागि त्यस्ता सम्पत्तिहरू लिलामी मार्फत बिक्रीको लागि राखिन्छन् । बिक्री नभएको खण्डमा प्रचलित कानुन अनुसार सम्पत्तिहरूको स्वामित्व स्वयं आफैले सकार गर्दछ । त्यस्ता सम्पत्तिहरू सामान्यतया प्रयोगको लागी भन्दा पनि बिक्रीको लागि राखिन्छन् र यसरी बिक्री गर्ने वा लाभ लिने उद्देश्य भएका सम्पत्तिलाई लगानी सम्पत्तिमा वर्गीकृत गरिन्छ ।

यस आ.व.मा फेयर भ्यालु विधी प्रयोग गरेर आफ्नो लगानी सम्पत्ति मापन गरिएको छ । सम्पत्तिहरू सुरुमा लागतमा र त्यसपछि प्रत्येक रिपोर्टिङ मितिहरूमा फेयर भ्यालुमा मापन गरिन्छ र यसरी मुल्याङ्कनमा भएको परिवर्तनलाई नाफा वा नोक्सानमा स्थानान्तरण गरिन्छ ।

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| श्रावण १ को गैर बैंकिङ सम्पती मौज्दात | १,६५,००,००० | १,६५,००,००० | १,६५,००,००० |
| यस आ.व.मा थप/निसर्ग | (१,६५,००,००० | ० | ० |
| फेयर भ्यालुमा खुद परिवर्तनहरू | | ० | ० |
| जम्मा | ( | १,६५,००,००० | १,६५,००,००० |

**४.७ कर्मचारी परिभाषित लाभ सम्पत्ति**

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| कर्मचारीको लागि परिभाषित लाभ सम्पत्ति | | ( | ( |
| कर्मचारीको लागि परिभाषित लाभ दायित्व | | - | - |
| जम्मा | - | - | - |

**४.७.१ कर्मचारीको लागि परिभाषित लाभ सम्पत्तिमा भएको परिवर्तन**

| विवरण | | ३२ असार २०८२ | ३१ असार २०८१ |
|---|---|---|---|
| आ.व.को शुरुमा मौज्दात | | - | - |
| ब्याज आम्दानी | | - | - |
| कोषमा थप योगदान | | - | - |
| कर्मचारीलाई उपदान भुक्तानी | | - | |
| परिभाषित लाभ सम्पत्तिको जम्मा मौज्दात | - | - | - |

**४.७.२ कर्मचारीको लागि परिभाषित लाभ दायित्वमा भएको परिवर्तन**

| विवरण | | ३२ असार २०८३ | ३२ असार २०८२ |
|---|---|---|---|
| आ.व.को शुरुमा मौज्दात | | - | - |
| चालु आ.व.मा लेखाङ्कन गरिएको खर्च | | - | - |
| कर्मचारीलाई उपदान भुक्तानी | | - | |
| परिभाषित लाभ दायित्वको जम्मा मौज्दात | - | - | - |

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**लेखा टिप्पणी**

३२ असार, २०८३ को

## ४.५ सम्पत्ति तथा उपकरण

| बिबरण | अफिस सामान | फर्निचर | अन्य सम्पत्ति क्याटिन | जम्मा |
|---|---|---|---|---|
| **परल मोल** | | | | |
| १ श्रावण २०८१ को मौज्दात | ३,९७,४७२ | ६,९६,४०९ | ४७,१७४ | ११,४१,०५५ |
| *NFRS का समायोजनहरू* | | | | |
| १ श्रावण २०८१ को संसोधित मौज्दात | ३,९७,४७२ | ६,९६,४०९ | ४७,१७४ | ११,४१,०५५ |
| आ.व. २०८१/८२ को : | | | | |
| खरिद | ५०,४९८ | | | ५०,४९८ |
| एकिकरणबाट प्राप्त | | | | |
| बिक्री/अपलेखन | - | - | - | - |
| **३२ असार २०८२ को मौज्दात** | ४,४७,९७० | ६,९६,४०९ | ४७,१७४ | ११,९१,५५४ |
| आ.व. २०८२/८३ को : | | | | |
| खरिद | ४,१४,२८८ | ३,६६,७१५ | | ७,८१,००२ |
| एकिकरणबाट प्राप्त | | | | |
| बिक्री/अपलेखन | - | - | | - |
| **३२ असार २०८३ को मौज्दात** | ८,६२,२५७ | १०,६३,१२४ | ४७,१७४ | १९,७२,५५६ |
| **ह्रासकट्टी तथा क्षेयीकरण** | | | | |
| १ श्रावण २०८१ को मौज्दात | | | | |
| आ.व. २०८१/८२ को : | | | | |
| ह्रासकट्टी | ४२,२२४ | ७७,३७९ | ११,७९४ | १,३१,३९६ |
| इम्पेयरमेन्ट | - | | | - |
| **३२ असार २०८२ को मौज्दात** | ४२,२२४ | ७७,३७९ | ११,७९४ | १,३१,३९६ |
| आ.व. २०८२/८३ को : | | | | |
| ह्रासकट्टी | ६६,४४६ | ८५,०२७ | ११,७९४ | १,६३,२६६ |
| बिक्री | | | | - |
| इम्पेयरमेन्ट | | | | - |
| **३२ असार २०८३ को मौज्दात** | १,०८,६६९ | १,६२,४०६ | २३,५८७ | २,९४,६६२ |
| **खुद किताबी मूल्य** | | | | |
| ३१ असार २०८१ को मौज्दात | ३,९७,४७२ | ६,९६,४०९ | ४७,१७४ | ११,४१,०५५ |
| ३२ असार २०८२ को मौज्दात | ४,०५,७४६ | ६,१९,०३१ | ३५,३८१ | १०,६०,१५८ |
| ३२ असार २०८३ को मौज्दात | ७,५३,५८८ | ९,००,७१८ | २३,५८७ | १६,७७,८९४ |

I.U and COMPANY

Regd. No. 2314

Regd. Auditor

# ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**लेखा टिप्पणी**
३२ असार, २०८३ को

४.६ अमूर्त सम्पत्ति

| विवरण | सफ्टवेयर | जम्मा |
|---|---|---|
| परल मोल | | |
| १ श्रावण २०८१ को मौज्दात | १,३५,६०० | १,३५,६०० |
| *NFRS का समायोजनहरू* | | |
| १ श्रावण २०८१ को संशोधित मौज्दात | १,३५,६०० | १,३५,६०० |
| आ.व. २०८१/८२ को : | | |
| खरिद | | - |
| एकिकरणबाट प्राप्त | | - |
| बिक्री/अपलेखन | | - |
| ३२ असार २०८२ को मौज्दात | १,३५,६०० | १,३५,६०० |
| आ.व. २०८२/८३ को : | | |
| खरिद | | - |
| एकिकरणबाट प्राप्त | | - |
| बिक्री/अपलेखन | | - |
| ३२ असार २०८३ को मौज्दात | १,३५,६०० | १,३५,६०० |
| ह्रासकट्टी तथा क्षेयीकरण | | |
| १ श्रावण २०८१ को मौज्दात | | |
| आ.व. २०८१/८२ को : | | |
| ह्रासकट्टी | ३३,९०० | ३३,९०० |
| इम्पेयरमेन्ट | | - |
| ३२ असार २०८२ को मौज्दात | ३३,९०० | ३३,९०० |
| आ.व. २०८२/८३ को : | | |
| ह्रासकट्टी | ३३,९०० | ३३,९०० |
| बिक्री | | - |
| इम्पेयरमेन्ट | | - |
| ३२ असार २०८३ को मौज्दात | ६७,८०० | ६७,८०० |
| खुद किताबी मूल्य | | |
| ३१ असार २०८१ को मौज्दात | १,३५,६०० | १,३५,६०० |
| ३२ असार २०८२ को मौज्दात | १,०१,७०० | १,०१,७०० |
| ३२ असार २०८३ को मौज्दात | ६७,८०० | ६७,८०० |

I. U and COMPANY
Regd. No. 2314
Regd. Auditor

## ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
२०८२ श्रावण १ देखि २०८३ असार ३२ सम्मको
वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ४.८ चालु कर सम्पत्ति

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| चालु कर सम्पत्ति | | | |
| यस आ.व.को आयकर सम्पत्ति | ५,०२,०६९ | ५,२३,०७९ | १४,३०,३०६ |
| गत आ.व.हरुको आयकर सम्पत्ति | १८,३७,९७६ | २८,९६,०५१ | २९,११,९९१ |
| जम्मा चालु कर सम्पत्ति | २३,४०,०४४ | ३४,१९,१३० | ४३,४२,२९७ |
| चालु कर दायित्व | | | |
| यस आ.व.को आयकर दायित्व | (१२,९०,४२२ | (१५,८१,१५५ | (१४,४६,२४६ |
| गत आ.व.हरुको आयकर दायित्व | | | ० |
| जम्मा | १०,४९,६२३ | १८,३७,९७६ | २८,९६,०५१ |

### ४.९ अन्य सम्पत्ति

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| पेश्की : | | | |
| लाभांस आम्दानी कर कट्टि | ( | | १५,०४१ |
| पाउनु पर्ने तलब कर | ( | ( | ६७,२४९ |
| पेश्कि हिसाब | २,५५,०६५ | ३,४९,२६५ | ( |
| पाउनु पर्ने : | | | |
| पाउनु पर्ने ब्याज | ५७,९८,०१६ | ६३,१३,८३७ | ४७,९३,४५० |
| ब्याज मुल्तवी हिसाब | (५७,९८,०१६ | (६३,१३,८३७ | (४७,९३,४५० |
| बैंक तथा वालेट बाट पाउनु पर्ने रकम | १,४२,९९७ | ( | ( |
| अन्य पाउनुपर्ने हिसाब | ( | ३०,२२१ | ( |
| धरौटि : | | | |
| टेलिफोन धरौटि | ( | ( | ३,००० |
| अन्य सम्पती | ( | ( | ३५,११४ |
| जम्मा | ३,९८,०६२ | ३,७९,४८६ | १,२०,४०४ |

### ४.११ शेयर पुजी

शेयर पुजीले सहकारीमा अवशिष्ट हितको प्रतिनिधित्व गर्दछ । यी शेयरहरू धारकहरूले चाहेको बेला फिर्ता माग गर्न सक्छन तर NAS ३२ वित्तीय उपकरण प्रस्तुतीकरण (Financial Instrument Presentation)को अनुच्छेद १६A र १६B अनुसार इक्विटीको रूपमा वर्गीकरणको लागि योग्य हुन्छन् । प्रचलित कानुन अनुसार, सदस्यहरूले सहकारीलाई आ'नो स्वेच्छामा शेयरहरू फिर्ता गर्न सक्छन् । शेयरहरूको अंकित मुल्य रु. १०० छ । सबै शेयरहरू एउटै वर्गका छन् र लाभांश वा अन्य कुनै पनि सम्बन्धमा भिन्न अधिकार भएका कुनै शेयरहरू छैनन् । शेयर जारी गर्न कुनै खर्च गरिएको छैन ।

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| शुरुको शेयर पुंजी मौज्दात | ४,०४,८६,७०० | ३,७७,७९,५०० | ३,४४,६१,७०० |
| चालु आ.व.मा खुद वृद्धि | १,०५,९१,२०० | २७,०७,२०० | ३३,१७,८०० |
| जम्मा शेयर पुंजी मौज्दात | ५,१०,७७,९०० | ४,०४,८६,७०० | ३,७७,७९,५०० |

L U and COMPANY
Regd. No. 2314
Regd. Auditor

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ असार, २०८३ को

४.१० स्थगन कर सम्पत्ति

कर योग्य अस्थायी भिन्नता तथा कट्टौती योग्य अस्थायी भिन्नताहरूमा चालु आयकरको दर लगाई क्रमश स्थगन कर दायित्व वा सम्पत्ति गणना गरि प्रत्येक आ.व.मा यस्ता सम्पत्ति/दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय/खर्च को लेखाङ्कन गरिएको छ । कर योग्य घाटा भएको अवस्थामा भविष्यमा सो घाटा पूर्ति हुने आय हुनछ भनि अनुमान रहेमा स्थगन कर सम्पत्तिमा गणना गरिन्छ ।

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ |
|---|---|---|
| स्थगन कर सम्पत्तिको मिलान | | |
| श्रावण शुरुको मौज्दात | (६१,६७१ | (३८,०५२ |
| नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको यस आ.व.को कर आम्दानी/(खर्च) | ८५,९२३ | (२३,६१९ |
| अन्य विस्तृत आयमा लेखाङ्कन गरिएको यस आ.व.को कर आम्दानी/(खर्च) | | |
| असार मसान्तको मौज्दात | २४,२५२ | (६१,६७१ |

स्थगित कर सम्पत्ति, नाफा वा नोक्सानमा लेखाङ्कन गरिएका र अन्य विस्तृत आयमा लेखाङ्कन गरिएका रकमहरूको विवरण निम्नानुसार छ:

| विवरण | सम्पत्ति/(दायित्व) | | |
|---|---|---|---|
| | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
| कर्मचारी बोनस व्यवस्था | १,१२,८८१ | ( | ( |
| सम्पत्ति तथा उपकरण | (७९,८३६ | (६०,४०० | (३६,३५७ |
| अमूर्त सम्पत्ति | (८,७९३ | (१,२७१ | (१,६९५ |
| लगानी सम्पत्ति | - | | |
| घर भाडा दायित्व | - | | |
| | २४,२५२ | (६१,६७१ | (३८,०५२ |

| विवरण | नाफा वा नोक्सानमा (घटाइएको)/जोडिएको | |
|---|---|---|
| | ३२ असार २०८३ | ३२ असार २०८२ |
| कर्मचारी बोनस व्यवस्था | १,१२,८८१ | ० |
| सम्पत्ति तथा उपकरण | (१९,४३६ | (२४,०४३ |
| अमूर्त सम्पत्ति | (७,५२२ | ४२४ |
| लगानी सम्पत्ति | ० | ० |
| घर भाडा दायित्व | - | - |
| | ८५,९२३ | (२३,६१९ |

| विवरण | अन्य विस्तृत आयमा (घटाइएको)/जोडिएको | |
|---|---|---|
| | ३२ असार २०८३ | ३२ असार २०८२ |
| लगानी सम्पत्ति | | |
| सम्पत्ति तथा उपकरण | | |
| कार्यालय उपदान | | |
| घर भाडा दायित्व | | |
| | - | - |

I. U and COMPANY
Regd. No. 2314
Regd. Auditor

## ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको
वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ४.१२ जगेडा तथा अन्य कोष हिसाब

सहकारी ऐन, २०७४ अनुसार साधारण जगेडा कोष कायम राख्नुपर्ने अभिवाज्य वैधानिक कोष हो । सहकारी ऐनको दफा ६८ अनुसार, सहकारीले प्रत्येक बर्षको खुद नाफाको २५% यस जगेडा कोषमा राख्नु पर्दछ । यसका साथै, स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त नाफा, सम्पत्तिसाग सम्बन्धित अनुदानको स्थगित आम्दानीको परिशोधित अंश र अघिल्लो बर्षमा विनियोजन गरिएको संरक्षित पुजी फिर्ता कोषबाट आर्थिक वर्षको अन्त्यसम्ममा वितरण नगरिएको रकम पनि यस जगेडा कोषमा स्थानान्तरण गरिएको छ । यसै गरि ऐन को दफा ६९ र ७० तथा सहकारी नियामवलीको दफा २७ बमोजिम बाकी रहेको मुनाफा बाडफाड गरिएको छ । साथै लगानी सम्पत्तिको फेयर भ्यालुमा देखिएको परिवर्तन फेयर भ्यालु कोषमा संचय गरिएको छ ।

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | ३१ असार २०८१ |
|---|---|---|---|
| जगेडा कोष | २,९२,४७,०६१ | २,७०,३५,६४४ | २,२८,२०,१२४ |
| संरक्षित पुंजी फिर्ता कोष | ८,३२,४१५ | ११,८५,८६६ | १०,८४,६८५ |
| सहकारी प्रवर्द्धन कोष | १६,६४८ | २३,७१७ | २१,६९४ |
| सहकारी शिक्षा कोष | १,२४,०३० | १,७६,६९४ | १,६१,६१८ |
| शेयर लाभांश कोष | १४,८८,३५७ | २१,२०,३२८ | १९,३९,४१६ |
| कर्मचारी बोनस कोष | ( | ४,८७,९४७ | ७,७६,८३३ |
| सहकारी विकास कोष | १,२४,०३० | १,७६,६९४ | १,६१,६१८ |
| घाटापुर्ति कोष | ३,००,७२४ | १,७६,६९४ | ७,१९,८९६ |
| सामुदायिक विकास कोष | १,२४,०३० | १,७६,६९४ | १,६१,६१८ |
| अन्य जोखिम व्यवस्थापन कोष | १,२४,०३० | १,७६,६९४ | १,६१,६१८ |
| स्थिरीकरण कोष | १,२४,०३० | १,७६,६९४ | १,६१,६१८ |
| स्थगन कर कोष | (६१,६७) | (६१,६७) | (३८,०५२ |
| संचित नाफा | ६,८६,८०६ | ६,८६,८०६ | ४,३०,१३३ |
| जम्मा | ३,३१,३०,४८९ | ३,२५,३८,८०१ | २,८५,६२,८१९ |

### ४.१३ बचत तथा निक्षेप

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| आवधिक तथा अन्य बचत | ३२,४३,९२,९२३ | ३६,११,९०,९७८ | ३२,७५,४५,४९५ |
| नियमित बचत | ५,४९,३८,३३३ | ११,१६,९२७ | ४,१४,४८० |
| साधारण बचत | ३,६८,८७,०५९ | १,३३,५३,२२४ | १,५०,२३,२४४ |
| विशेष बचत | १५,२९,१८,४८८ | १८,२४,२३,७२८ | १७,४८,३९,५६१ |
| नारी बचत | १९,९६,८५८ | १,६५,४४३ | ५,६८,८२१ |
| बाल बचत | १७,५०१ | १७,५५३ | १६,६४१ |
| जम्मा | ५७,१२,३१,१६२ | ५६,६२,६७,८५३ | ५१,८४,०८,२४२ |

### ४.१४ ऋण तथा सापटी

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| ग्लोबल आ.इ.एम.ई बैंक | | | |
| अल्पकालीन व्यवसायीक ऋण | | | |
| दिगो सहकारी कर्जा | | | |
| अन्य: | | | |
| युवा स्वरोजगार कोष | | | |
| जम्मा | ( | ( | ( |

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको

वित्तीय विवरणका लेखा टिप्पणीहरु

४.१५ अन्य दायित्व

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| कर कट्टी बक्यौता : | | | |
| बचतको ब्याज कर | २,०२,८७,७९५ | १९,७४,४२१ | १७,०२,७९५ |
| बैठक भत्ता कर | १५,००० | १७,२५० | १८,००१ |
| सामाजिक सुरक्षा तथा पारिश्रमिक करकट्टी | ४८,८३१ | ९,४८९ | ९,७०९ |
| घरभाडा कर | ३६,४१४ | ७७,२४४ | २५,२४१ |
| लेखापरीक्षण शुल्क टि डि एस | ३,३७४ | १,६५९ | १,३२७ |
| अन्य खर्चमा करकट्टी | १०७ | ( | |
| नागरिक लगानी तथा सामाजिक सुरक्षा भुक्तानी बाकी | १,५७,४४७ | | |
| भुक्तानि दिनुपर्ने ब्याज कमिक बचत | ( | ५,०५,२५,८६२ | |
| भुक्तानी दिनुपर्ने घरभाडा | ( | ( | २,२७,१७३ |
| लेखा परिक्षण शुल्क व्यवस्था | २,५०,८७५ | १,२३,३४१ | ९८,६७३ |
| ब्याज भुक्तानी बाकी | ३,९७,७४,४२५ | ३,६०,३०,१७७ | ६,७१,४९,९३७ |
| बैंक तथा वालेट भुक्तानी दिनु पर्ने रकम | २६,१७८ | ( | ( |
| भुक्तानी दिन पर्ने अन्य हिसाब | ३,१८,३६७ | १,९६,५८७ | ३,५५,८५३ |
| कर्मचारी बोनस तिर्न बाकी | ५,६४,४०४ | ( | ( |
| जम्मा | ६,१४,८३,१७७ | ८,८९,५६,०२९ | ६,९५,८८,७०९ |

४.१५.५ चालु कर दायित्व

| विवरण | ३२ असार २०८३ | ३२ असार २०८२ | १ श्रावण २०८१ |
|---|---|---|---|
| आयकर व्यवस्था यस वर्षको | ( | ( | ( |
| जम्मा | ( | ( | ( |

४.१६ ब्याज आम्दानी

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| व्यापार व्यवसाय कर्जाबाट ब्याज प्राप्त | १,७१,५६,२५१ | १,५९,०१,८१४ |
| हायरपर्चेज कर्जाबाट ब्याज प्राप्त | ४२,७७,८५५ | ४२,११,५४८ |
| घर जग्गा कर्जाबाट ब्याज प्राप्त | ४,१३,९४,७९३ | ३,६८,६७,०६८ |
| आवधिक बचतको कर्जाबाट ब्याज प्राप्त | ४१,५९,४९० | ६७,३४,६४२ |
| टायम कर्जाबाट ब्याज | ९,१६,८५७ | ६,४९,११३ |
| शैक्षिक कर्जाबाट ब्याज प्राप्त | ( | ( |
| छोटो अवधीको कर्जाबाट ब्याज प्राप्त | ९४,१६,८५५ | १,१४,७१,०७५ |
| असल कर्जामा आर्जित तर प्राप्त नभएको ब्याज | (३,७८,४५२ | १,३८,५७९ |
| जम्मा | ७,६९,४३,६४१ | ७,५९,७३,८३९ |

ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको
वित्तीय विवरणका लेखा टिप्पणीहरु

## ४.१७ ब्याज खर्च

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| नारी बचत ब्याज | ८४,११३ | ५,४७२ |
| बाल बचत ब्याज | १,००८ | ९७० |
| नियमित बचतमा ब्याज | ३९,१७,१६२ | ८,१८,२०९ |
| स्पेशल बचतमा ब्याज | ९२,११,८५१ | १,४५,००,५४३ |
| आवधिक/अन्य बचतमा ब्याज | १,५१,२५,७८१ | ५,४७,९८,२०२ |
| बचत प्लसमा ब्याज | २,८३,९६,८८७ | ( |
| नियमित शेयर सदस्य बचतमा ब्याज | ७७,३२८ | ( |
| नियमित आवधिक बचतमा ब्याज | ५६,५०,८४७ | ( |
| **जम्मा** | ६,२४,६४,९७७ | ७,०१,२३,३९७ |

## ४.१८ अन्य संचालन आम्दानी

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| ऋण फारम शुल्क | १,१८,२०० | १,७९,०५५ |
| सदस्यता शुल्क | ३१,५०० | २५,५०० |
| विविध आम्दानी | २७,०१४ | २२,८३२ |
| ऋण अनुगमन तथा सेवा शुल्क | ६२,०७,६०८ | ६७,५४,४६१ |
| बैंक ब्याज आम्दानि | १६,९६,९५३ | ३४,६०,३२१ |
| जम्मा | ८०,८१,२७५ | १,०४,४२,१६९ |

## ४.१९ कर्जाको तथा अन्य सम्पत्तिको इम्पेएरमेन्ट चार्ज

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| सदस्यहरुको कर्जामा इम्पेएरमेन्ट चार्ज | ५८,११,०४९ | ५,३६,७०० |
| अन्य सम्पत्तिमा इम्पेएरमेन्ट चार्ज | | |
| जम्मा | ५८,११,०४९ | ५,३६,७०० |

## ४.२० कर्मचारी लाभ खर्च

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| कर्मचारि तलब | ४३,५८,५८८ | ४२,४०,९२३ |
| कर्मचारी दशै खर्च | २,३७,४२७ | २,१७,०९१ |
| कर्मचारी सञ्चयकोष खर्च | १,३७,६०८ | १,८१,२४५ |
| कर्मचारी सामाजिक सुरक्षा खर्च | १,५३,३४० | ( |
| कर्मचारि पोषाक खर्च | १,१९,३५० | १७,००० |
| कर्मचारी बोनस व्यवस्था | ५,६४,४०४ | ( |
| जम्मा | ५५,७०,७१७ | ४७,३६,२६० |

I. U and COMPANY
Regd. No. 2314
Regd. Auditor

## ट्रेड बचत तथा ऋण सहकारी संस्था लिमिटेड
२०८२ श्रावन १ देखि २०८३ असार ३२ सम्मको
वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ४.२१ अन्य संचालन खर्च

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| वार्षिक साधारण सभा खर्च | १,८६,६३३ | २,३३,२७४ |
| लेखापरिक्षण शुल्क | २,५४,२५० | १,२५,००० |
| बैठक भत्ता खर्च | ४,७५,००० | ४,१५,००० |
| चिया खाजा तथा अतिथी सत्कार खर्च | ५,८२,९५९ | ४,५९,००६ |
| ईन्धन तथा स्थानिय यातायात खर्च | ३,८५,४७० | ९९,९६९ |
| घरभाडा खर्च (सानो खर्च) | ६,४६,५५२ | ५,०४,८२८ |
| कार्यालय तथा नगद बिमा खर्च | ५५,७४६ | ५४,२०० |
| कानुनी तथा आन्तरिक लेखापरिक्षण शुल्क | ९०,६८० | ( |
| दर्ता नविकरण खर्च | १,६५,०२५ | ४,५०० |
| विविध खर्च | ३५,९६८ | २६,९९३ |
